# मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड

२०६८

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार

The Ministry of Women, Children and Social Welfare (MOWCSW) expresses its thanks to Combating Trafficking in Person (CTIP) program of the United States Agency for International Development(USAID) Nepal and The Asia Foundation for their technical expertise and financial support in the publication of this document.

# मन्तव्य

मानव वेचविखन तथा ओसारपसार समाजको लागि जघन्य अपराध हो । यस अपराधजन्य कार्यमा संलग्न पक्षहरुका लागि विना लगानीको सजिलो व्यवसाय वन्दै आएको छ । समाजमा रहेको गरीवी र पछौटेपनको फाइदा उठाएर विभिन्न प्रलोभनमा पारी मानव तस्करहरुले मानिसको नै व्यापार गरिरहेका छन् । विश्वमा हात हतियार र लागू औषध पछि तेश्रो ठूलो कारोवारको रुपमा फैलिदो यस्तो कुकर्मवाट बढी मात्रामा ग्रामीण गरिव वस्तीका किशोरीहरु पर्दै आएका छन् । विगतमा भारतका ठूला शहरहरूमा व्यावसायिक यौन शोषणका लागि बेचबिखन हुने गरेकोमा केही वर्ष यता नेपालका आन्तरिक बजार र बैदेशिक रोजगारीका लागि हुने श्रम आप्रवासनको क्रममा पनि मानव वेचविखन तथा ओसारपसार हुन थालेवाट थप जटिलता भैरहेको अवस्था छ । मानव बेचबिखन तथा ओसारपसार, महिला तथा बालबालिकाहरू माथि हुने यौन तथा श्रम शोषण, निकृष्ट प्रकारका बालश्रम, व्यक्ति माथि हुने दासता र दासत्वको व्यवहार बिरूद्ध मानवअधिकार, महिलाअधिकार र बालअधिकारलाई सुनिश्चित गर्ने अन्तराष्ट्रिय र सार्क स्तरका महासन्धि, अनुवन्ध र तिनका इच्छाधिन आलेखहरूलाई नेपाल सरकारले अनुमोदन गरी सकेको सर्न्दभमा मानव वेचविखन तथा ओसारपसार नियन्त्रणको कार्य थप चुनौतिको विषय भएको छ । यसलाई नियन्त्रण गर्न नेपाल सरकारले मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

उक्त ऐन तथा नियमावलीले मानव वेचविखन तथा ओसारपसारवाट पीडित/प्रभावितहरूको मानव अधिकारको अवधारणालाई आत्मसात गर्नुका साथै उनीहरुको लागि पुनर्स्थापना केन्द्रहरूको स्थापना र सञ्चालन, पुनर्स्थापना कोषको व्यवस्था, एवं मानव बेचबिखन नियन्त्रणका लागि राष्ट्रिय, जिल्ला र स्थानीय स्तरका समितिहरूको गठन आदिको व्यवस्था गरेको छ । सबैभन्दा महत्वपूर्ण पक्षका रूपमा मानव बेचबिखन बिरूद्ध कानूनी कारवाहीमा तीब्रता, पीडित/प्रभावितहरूको उद्धार, संरक्षण र हेरचाहमा राज्यको दायित्वबोध र मानव बेचबिखन रोकथामका लागि सरकारी तथा गैरसरकारी क्षेत्रको साझेदारिता, सहकार्य र समन्वयमा निरोधात्मक एवं सचेतनात्मक कार्यक्रमहरूको सञ्चालनलाई प्राथमिकतामा राखेको छ ।

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ति, स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी सहायता, सीपमुलक तालिम, पुनःस्थापना, पुनःएकीकरण आदि लगायतका हेरचाह तथा संरक्षण सेवा प्रदान गर्दा पीडित/प्रभावितहरूको मानब अधिकारको आदर र संरक्षण, अविभेद, गोपनीयता, स्वनिर्णय र सहभागिता, व्यक्तिगत आवश्यकतामा आधारित हेरचाह, निरन्तर हेरचाह, साधन श्रोतको समानुपातिक बितरण, बहुपक्षीय समन्वय, सुरक्षा, सेवामा पहुँच र आत्मसम्मान जस्ता मानव अधिकार संग प्रत्यक्ष सरोकार राख्ने विषयहरुको स्तरीकरण गरी मानव अधिकारको सुनिश्चत गर्ने उदेश्यले **"मानव वेचविखन तथा ओसारपसारवाट पीडित/प्रभावितहरुको हेरचाह तथा संरक्षणका लागि न्यूनतम राष्ट्रिय मापदण्ड, २०६८"** जारी गरिएको छ ।

यो मापदण्ड तयार गर्ने क्रममा आर्थिक तथा प्राविधिक सहयोग गर्ने मानव वेचविखन तथा ओसारपसार विरुद्ध (CTIP) परियोजना संचालन गर्ने यू. एस. ए. आई. डि. नेपाल, दि एशिया फाउन्डेशन तथा बहुसाँस्कृतिक मनोसामाजिक संस्था/नेपाल (टि.पि.ओ/नेपाल) लगायत मापदण्ड तयार गर्दा महत्वपूर्ण सुझाव दिनु हुने सरोकारवाला व्यक्ति तथा सम्वन्धित निकायप्रति धन्यवाद् प्रकट गर्दछु । यसैगरी यस मापदण्ड तयार गर्न विज्ञको रुपमा सहयोग गर्नु हुने यस मन्त्रालयका वरिष्ठ प्राविधिक सल्लाहकार डा. गोविन्द प्रसाद थापालाई धन्यवाद दिन चाहान्छु । मापदण्ड तयारीका हरेक चरणमा अथक परिश्रम गर्नु हुने मन्त्रालयका सह सचिव डा. हरि पौडेल, उपसचिव गजबहादुर राना एवं शाखा अधिकृतहरु सुनिता नेपाल, मोहन निरौला, मिठू थापा, सुशीला पौडेल (दाहाल) लाई धन्यवाद् छ ।

यो "मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिको हेरचाह तथा संरक्षणको राष्ट्रिय न्यूनतम मापदण्ड" निर्माणबाट महिला अधिकार महासन्धि (CEDAW) र बालअधिकार महासन्धि (CRC) मा उल्लेख भएका प्रावधानहरु अनुरुप पीडित/प्रभावितहरूको मानवअधिकारको सुनिश्चितता गर्न कार्यरत सरोकारवालाहरूलाई आफ्ना प्रयासहरु यसप्रति केन्द्रीत गर्न सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

**वालानन्द पौडेल**

**सचिव**

# पृष्ठभूमि

विश्वव्यापी रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसारको समस्याबाट नेपाल पनि अछुतो छैन । विगतमा भारतका ठूला शहरहरूमा व्यावसायिक यौन शोषणका लागि बेचबिखन हुने गरेकोमा केही वर्ष यता नेपालका आन्तरिक बजार र बैदेशिक रोजगारीका लागि हुने श्रम आप्रवासनको क्रममा पनि मानव वेचविखन तथा ओसारपसार हुन थालेवाट थप जटिलता भैरहेको अवस्था छ । मानव बेचबिखन तथा ओसारपसार, महिला तथा बालबालिकाहरू माथि हुने यौन तथा श्रम शोषण, निकृष्ट प्रकारका बालश्रम, ब्यक्ति माथि हुने दासता र दासत्वको ब्यवहार बिरूद्ध मानवअधिकार, महिला अधिकार र बालअधिकारलाई सुनिश्चित गर्ने अन्तराष्ट्रिय र सार्क स्तरका महासन्धि, अनुवन्ध र तिनका इच्छाधिन आलेखहरूलाई नेपाल सरकारले अनुमोदन गरी सकेको सन्दर्भमा मानव वेचविखन तथा ओसारपसार नियन्त्रणको कार्य थप चुनौतिको विषय भएको छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५ ले पीडित/प्रभावितहरूको अधिकारको अवधारणालाई आत्मसात गर्नुका साथै उनीहरुको लागि पुनर्स्थापना केन्द्रहरूको स्थापना र सञ्चालन, पुनर्स्थापना कोषको ब्यवस्था, एवं मानव बेचबिखन नियन्त्रणका लागि राष्ट्रिय, जिल्ला र स्थानीय स्तरका समितिहरूको गठन आदिको ब्यवस्था गरेको छ । सबैभन्दा महत्वपूर्ण पक्षका रूपमा मानव बेचबिखन बिरूद्ध कानूनी कारवाहीमा तीब्रता, पीडित/प्रभावितहरूको उद्धार, संरक्षण र हेरचाहमा राज्यको दायित्वबोध र मानव बेचबिखन रोकथामका लागि सरकारी तथा गैरसरकारी क्षेत्रको साझेदारिता, सहकार्य र समन्वयमा निरोधात्मक एवं सचेतनात्मक कार्यक्रमहरूको सञ्चालनलाई प्राथमिकतामा राखेको छ ।

अन्तराष्ट्रिय दस्तावेजहरु र नेपालको कानूनले समेत मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ति, स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी सहायता, सीपमुलक तालिम, पुनःस्थापना, पुनःएकीकरण आदि लगायतका हेरचाह तथा संरक्षण सेवा प्रदान गर्दा पीडित/प्रभावितहरूको मानबअधिकारको आदर र संरक्षण, सुसूचित स्वीकृति, अविभेद,गोपनीयता, स्वनिर्णय र सहभागिता, ब्यक्तिगत आवश्यकतामा आधारित हेरचाह, निरन्तर हेरचाह, साधन श्रोतको समानुपातिक बितरण, बहुपक्षीय समन्वय, सुरक्षा, सेवामा पहुँच र आत्मसम्मान जस्ता आधारभूत सिद्धान्तहरुको पालनामा जोड दिएको छ । यसले महिला अधिकार महासन्धि (CEDAW) र बालअधिकार महासन्धि (CRC) मा उल्लेख भएका प्रावधानहरुको कार्यान्वयनमा कार्यरत सरोकारवालाहरूलाई आफ्ना कार्यक्रमहरु यसप्रति केन्द्रीत गर्न मद्दत पुर्‍याउने छ भन्ने अपेक्षा गरिएको छ ।

# विषय सूची

**परिच्छेद १**
प्रारम्भिक, आधार र परिभाषा ........................................................... १

**परिच्छेद २**
उद्देश्य, क्षेत्र र लक्षित समूह ............................................................. ५

**परिच्छेद ३**
उद्धार . ........................................................................................ ९

**परिच्छेद ४**
स्वदेशफिर्ति ................................................................................. १९

**परिच्छेद ५**
हेरचाह तथा संरक्षण सेवा ............................................................... ३१

**परिच्छेद ६**
पुनर्स्थापना ................................................................................. ४३

**परिच्छेद ७**
पुनर्मिलन तथा पुनःएकीकरण ........................................................... ४९

**अनुसुचिहरु** ............................................................................. ५५

# प्रस्तावना

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि विभिन्न सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूबाट प्रदान गरिने हेरचाह तथा संरक्षण सेवाहरूमा एकरूपता कायम गरी स्तरीकरण गर्न वाञ्छनीय भएकोले मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा गठन भएको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिद्वारा सोही नियमावलीको नियम ४ (१) को खण्ड (क) अनुसार तर्जुमा भई मन्त्रालयबाट कार्यान्वयन गर्न सिफारिस प्राप्त भएकोले नेपाल सरकार (मन्त्रिस्तर) ले यो **“मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८”** स्वीकृत गरी लागू गरिएको छ ।

# परिच्छेद १

# प्रारम्भिक, आधार र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो मापदण्डको नाम "मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८" रहेको छ ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ ।

२. **मापदण्ड निर्माणका आधारहरू :**

यो मापदण्ड निर्माणका आधारहरू देहाय बमोजिम रहेका छन् :

(क) नेपालको अन्तरिम संविधान, २०६३

(ख) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

(ग) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५

(घ) यौन तथा श्रम शोषणको लागि महिला तथा बालबालिकाका बेचबिखन बिरूद्धको राष्ट्रिय कार्ययोजना, २०५६

(ङ) महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०

(च) लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि राष्ट्रिय कार्ययोजना, २०६१

(छ) लैङ्गिक हिंसा विरूद्ध राष्ट्रिय कार्ययोजना (सन् २०१०), २०६६

३. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो मापदण्डमा,

(क) 'ऐन' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई सम्झनु पर्नेछ ।

(ख) 'नियमावली' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ लाई सम्झनु पर्नेछ ।

(ग) 'सेवा प्रदायक' भन्नाले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको हेरचाह तथा सेवा प्राप्त गर्नेहरूको अधिकारलाई सुनिश्चितता गर्ने सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संस्थाहरू समेतलाई जनाउनेछ ।

(घ) 'पुनर्स्थापना केन्द्र' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३ तथा नियमावली, २०६५ को नियम ११ वमोजिम स्थापना र सञ्चालन गरिएका विभिन्न आवधिक गृहहरूलाई सम्झनु पर्नेछ

(ङ) 'पीडित/प्रभावित' भन्नाले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएको, शोषण भएको व्यक्तिलाई सम्झनु पर्नेछ ।

(च) 'मन्त्रालय' भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई सम्झनु पर्नेछ ।

(छ) 'विभाग' भन्नाले महिला तथा बालबालिका विभागलाई सम्झनु पर्नेछ ।

(ज) 'कार्यालय' भन्नाले महिला तथा बालबालिका कार्यालयलाई सम्झनु पर्नेछ ।

(झ) 'राष्ट्रिय समिति' भन्नाले यो राष्ट्रिय न्यूनतम मापदण्डमा अन्यथा उल्लेख भएकोमा बाहेक मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ३ बमोजिम मानव बेचबिखन नियन्त्रणका लागि गठन भएको राष्ट्रिय समितिलाई सम्झनु पर्नेछ ।

(ञ) 'जिल्ला समिति' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ६ बमोजिम गठन भएको जिल्ला समितिलाई सम्झनु पर्नेछ ।

(ट) 'स्थानीय समिति' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ७ (ख) बमोजिम गठन भएको स्थानीय समितिलाई सम्झनु पर्नेछ ।

(ठ) 'बालबालिका भन्नाले' अन्य नेपाल कानूनमा जुनसुकै ब्यवस्था भएता पनि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९ अनुसार १८ वर्ष उमेर नपुगेको ब्यक्तिलाई सम्झनु पर्नेछ ।

(ड) 'राष्ट्रिय न्यूनतम मापदण्ड' भन्नाले "मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८" सम्झनु पर्नेछ

परिच्छेद २

# उद्देश्य, क्षेत्र र लक्षित समूह

४. **मापदण्डको उद्देश्य :**

(१) यो राष्ट्रिय न्यूनतम मापदण्डको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूलाई प्रदान गरिने हेरचाह तथा संरक्षणसम्बन्धी सेवामा संलग्न सेवा प्रदायकहरूको कार्य सम्पादनमा न्यूनतम मापदण्ड निर्धारण गरी स्तरीकरण गर्नु,

(ख) पीडित/प्रभावितहरूका लागि सरोकारवाला सेवा प्रदायकहरूद्वारा प्रवाह हुने सेवामा एकरूपता कायम गर्नु,

(ग) पीडित/प्रभावितहरूका लागि हेरचाह तथा संरक्षण सेवा प्रदान गर्दा उनीहरूको अधिकारको सुनिश्चितता गर्नु,

(घ) पीडित/प्रभावितहरूका लागि हेरचाह तथा संरक्षण सेवा प्रदान गर्ने सरोकारवालाहरू बीच आपसी समन्वय, सहयोग र सहकार्यलाई प्रोत्साहन गर्नु,

(ङ) सेवा प्रदायकहरूद्वारा प्रदान गरिने हेरचाह तथा संरक्षण सेवामा पारदर्शिता, जवाफदेहिता, सरलता, चुस्तता र प्रभावकारिताको सुनिश्चितता गर्नु ।

(च) विभिन्न सेवा प्रदायकहरूद्वारा प्रदान हुँदै आएको हेरचाह तथा संरक्षण सेवाको अनुगमन गर्ने कार्यमा राष्ट्रिय, जिल्ला र स्थानीय समितिहरूलाई परिचालन गरी प्रभावकारितामा अभिबृद्धि गर्नु ।

५. **क्षेत्र** :

(१) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि गठन भएका राष्ट्रिय, जिल्ला र स्थानीय समितिहरूले केन्द्रदेखि स्थानीय स्तरसम्म आ-आफ्नो तहमा संलग्न सरकारी निकायहरू, स्थानीय निकायहरू तथा गैरसरकारी संघ संस्थाहरूसंग समन्वय गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने कार्यमा देहाय बमोजिमका विषयगत क्षेत्रहरू माथि ध्यान केन्द्रीत गरी नीति, योजना तथा कार्यक्रम संयोजित रुपमा कार्यान्वयन गर्नु पर्नेछ :

(क) निरोध (prevention)

(ख) संरक्षण (protecton)

(ग) कानूनी कारवाही (prosecution)

(२) उपदफा (१) बमोजिमका विषयगत क्षेत्रहरूमा संलग्न रहने सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरूले प्रचलित कानून अनुसार कार्यविधि निर्माण गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउनु पर्नेछ ।

(३) उपदफा (१) को अधिनमा रही विशेषतः पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षण

अन्तर्गत सेवा प्रवाह गर्ने सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरूले निम्न कार्यहरु गर्नुपर्ने छ :

(क) उद्धार,

(ख) स्वदेशफिर्ति,

(ग) पुनर्स्थापना,

(घ) पुनर्मिलन/पुनःएकीकरण,

६. **हेरचाह तथा संरक्षण सम्बन्धी अवधारणा :**

(१) सरोकारवाला सेवा प्रदायकहरूले पीडित/प्रभावितहरूलाई भेदभावरहित ढङ्गबाट लैङ्गिक संवेदनशील भई आपसी समन्वय र सहकार्य गरी हेरचाह र संरक्षण सेवा प्रवाह गर्नु पर्नेछ ।

(२) सेवा प्रदायकहरूले पीडित/प्रभावितहरूको अवस्था र आवश्यकता हेरी देहायका दुई चरणका हेरचाह र संरक्षण सेवा प्रदान गर्नु पर्नेछ :

(क) प्राथमिक चरणका हेरचाह सेवाहरू - प्राथमिक उपचार, कानूनी सहायता, मनोबैज्ञानिक परामर्श/मनोविमर्श, खाना, आवास, सुरक्षा, विभिन्न संक्रमणको जाँच (एच.आइ.भि., क्षयरोग, यौन रोग, लगायत सरूवा रोग/सक्रंमण आदि) सेवाहरूको सुनिश्चतता गर्नु पर्नेछ ।

(ख) द्वितीय चरणका हेरचाह सेवाहरू - शिक्षा, सीपमूलक तालिम, आय आर्जन/रोजगारीका अवसरहरू, बीउपूँजी तथा ऋण सहुलियत उपलब्ध गराउने वा प्रेषण प्रणाली (Referal System) अपनाउनु पर्नेछ ।

(३) सरोकारवाला सेवा प्रदायकहरूले पीडित/प्रभावितको इच्छामा उद्धार, स्वदेशफिर्ति, पुनर्मिलन/पुनःएकीकरण, र पुनर्स्थापनाका प्रक्रियाहरू निर्धारण गर्नु पर्नेछ ।

(४) पीडित/प्रभावितहरूको उद्धार तथा स्वदेशफिर्तिका लागि संलग्न रहने सरोकारवाला सेवा प्रदायकहरूले उनीहरूको सुसूचित सहमति (Informed Consent) का आधारमा उनीहरूलाई सम्पूर्ण प्रक्रिया बारे जानकारी गराउनु पर्नेछ ।

(५) विदेशबाट उद्धार गरी स्वदेशफिर्तिको प्रक्रियामा संलग्न रहने सरोकारवालाहरूले अनिवार्य रूपमा सम्बन्धित मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगलाई जानकारी गराई आवश्यक सहयोग लिनु पर्नेछ ।

(६) उद्धारको अवस्थादेखि पारिवारिक पुनर्मिलन/पुनःएकीकरण र सामाजिक पुनर्स्थापनाको अवस्थासम्म हेरचाह र संरक्षण सेवा प्रदान गर्ने सरोकारवालाहरूले पीडित/प्रभावितलाई पीडकद्वारा हुनसक्ने जोखिमपूर्ण अवस्थाबाट संरक्षण गर्नु गराउनु पर्नेछ ।

(७) जिल्ला र स्थानीय स्तरमा उपदफा (१),(२),(३),(४),(५),(६) बमोजिम हेरचाह तथा संरक्षण सम्बन्धी सेवा प्रवाह उचित ढङ्गबाट भइरहेको छ छैन भनि अनुगमन गरी सुनिश्चितता गर्ने जिम्मेवारी सम्बन्धित जिल्ला वा स्थानीय समितिको हुनेछ । यसरी अनुगमन गर्दा देखिएका नतिजाका आधारमा समितिहरूले आवश्यकता अनुसार सरोकारवालाहरूलाई ध्यानाकर्षण गराउन र सचेत गराउनु पर्नेछ ।

७. **लक्षित समूह** :

यस मापदण्डको प्रयोजनका लागि लक्षित समूहमा देहायका व्यक्तिहरु पर्नेछन् :

(क) मानव बेचबिखन तथा ओसारपसारको घटनाबाट पीडित/प्रभावित व्यक्तिहरु (घटनामा प्रत्यक्ष पीडित भएका वा उद्योगमा परेका),

(ख) मानव बेचबिखन तथा ओसारपसारको जोखिममा परेका व्यक्तिहरु ।

# परिच्छेद ३

# उद्धार

८. **उद्धार कार्यको जिम्मेवारी :**

(१) ऐनको दफा १२ बमोजिम विदेशमा बेचबिखन तथा ओसारपसारमा परेका नेपाली नागरिकको उद्धार कार्यको प्रमुख जिम्मेवारी नेपाल सरकारमा रहेकोछ ।

(२) नियमावलीको नियम ४ (१) को खण्ड (ग) बमोजिम विदेशमा अलपत्र परेका पीडित/प्रभावितहरूको उद्धार गर्ने तथा निजको सहमतिमा स्वदेश फर्काउने प्रमुख जिम्मेवारी राष्ट्रिय समितिको रहेकोछ ।

(३) नियमावलीको नियम ४ (२) बमोजिम राष्ट्रिय समितिले स्वदेश तथा विदेशमा पीडित/प्रभावितहरूका लागि उद्धार कार्य सञ्चालन गर्दा सरोकारवाला सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गर्नु पर्नेछ ।

(४) नियमावलीको नियम ७ (१) को खण्ड (च) बमोजिम जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका ब्यक्तिको उद्धार गर्ने जिम्मेवारी जिल्ला समितिको रहेकोछ ।

(५) राष्ट्रिय समिति र जिल्ला समितिले पीडित/प्रभावितहरूको उद्धारका लागि ऐन तथा नियामवलीले तोकेको जिम्मेवारी यथाशीघ्र पूरा गर्नु पर्नेछ । सो जिम्मेवारी पूरा गर्नमा जिल्ला समितिले स्थानीय समितिहरूलाई समेत परिचालन गर्न सक्नेछ ।

(६) सरोकारहरूवाला निकाय र संस्थाहरूले पीडित/प्रभावितहरूको उद्धार कार्यमा राष्ट्रिय समिति र जिल्ला समितिलाई आवश्यक सहयोग उपलव्ध गराउनु पर्नेछ ।

९. **विदेशबाट उद्धार :**

नियमावलीको नियम ४ (१) को खण्ड (ग) अनुसार विदेशमा रहेका मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित नेपालीलाई उद्धारका लागि राष्ट्रिय समितिले योजना बनाउँदा स्थान विशेषका आधारमा गर्नु पर्नेछ ।

१०. **भारतका सम्बन्धमा उद्धार योजना :**

(१) मानव बेचबिखन तथा ओसारपसारबाट भारतमा अलपत्र परी स्वदेश फर्कन चाहने पीडित/प्रभावित नेपाली नागरिकहरूको उद्धारका लागि राष्ट्रिय समितिले विभिन्न श्रोत वा माध्यमबाट सूचना वा जानकारी संकलन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय समितिलाई पीडित/प्रभावित नेपाली नागरिकहरूका बारे सूचना वा जानकारी उपलब्ध गराउनु अन्य सरकारी निकाय, गैरसरकारी संघ संस्थाहरू तथा ब्यक्तिको कर्तब्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम राष्ट्रिय समितिलाई सूचना वा जानकारी उपलब्ध गराउँदा पीडित/प्रभावितको नामथर, स्थायी ठेगाना, आमाबाबुको नामथर, निज नेपाली नागरिक हो होइन भन्ने बारे खुलेसम्मको प्रमाण, निज हाल रहे बसेको भारतको

प्रान्त, शहर र स्थान तथा उपलब्ध भएसम्म निजको परिचय खुल्ने कागज र फोटो समेतको विवरण पनि पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्राप्त विवरणका आधारमा राष्ट्रिय समितिले भारतका विभिन्न स्थानहरूबाट उद्धार गरिनु पर्ने पीडित/प्रभावित नेपाली नागरिकहरूको संख्या एकीन गरी गराई तत्कालै उद्धार योजना बनाउनु पर्नेछ । त्यस्तो योजनामा देहाय अनुसार अघिल्लो वर्षको सूचनाका आधारमा पछिल्लो वर्षको लागि उद्धार कार्यमा लाग्ने रकमको अनुमान समेत उद्धार योजना र बजेट तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ :

(क) भारतका विभिन्न स्थानहरूबाट उद्धार गरिनु पर्ने पीडित/प्रभावित नेपाली नागरिकहरूको अनुमानित संख्या,

(ख) उद्धारकार्यमा लाग्ने खर्च, उद्धार स्थलदेखि नेपालमा पीडित/प्रभावितको घर ठेगाना भएको जिल्ला वा निजले रोजेको स्थानसम्म पुऱ्याउंदा लाग्ने बाटो खर्च, साथमा रहने सरकारी अधिकारी र/वा पीडित/प्रभावितको संरक्षकलाई लाग्ने खर्च आदि समेतको लेखाजोखा गरी व्ययको अनुमान,

(ग) उद्धारका लागि नेपाल सरकारले व्यहोर्ने रकम तथा अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने सहयोगको रकम सहित आयको अनुमान ।

(५) उपदफा (४) बमोजिम उद्धार योजना र बजेट तर्जुमा कार्यका लागि नियमावलीको नियम ४ (५) बमोजिम मन्त्रालयमा रहेको राष्ट्रिय समितिको सचिवालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(६) राष्ट्रिय समितिबाट पेश हुन आएको उद्धार योजना कार्यान्वयन गर्ने तथा बजेटका लागि रकम जुटाउने एवं अन्य सरकारी र गैरसरकारी संघ संस्थाहरूलाई सहयोग गर्ने कार्यमा मन्त्रालयले समन्वयकर्ता र सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम राष्ट्रिय समितिले तयार पारेको उद्धार गरिनु पर्ने पीडित/प्रभावित नेपाली नागरिकहरूको एकीन विवरण समेत मन्त्रालयले परराष्ट्र मन्त्रालयमा पठाउनु पर्नेछ र परराष्ट्र मन्त्रालयले उद्धार कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गरिदिन भारत स्थित नेपाली कुटनैतिक नियोगमा पठाउनु पर्नेछ ।

(८) प्राप्त विवरणका आधारमा भारतका विभिन्न स्थानहरूबाट बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भई नेपाल फर्कन सहमती जनाएका नेपाली नागरिकहरूको भारतीय समकक्षीहरू एवं गैरसरकारी संस्थाहरूको सहयोग जुटाई आवश्यक पहल गर्नु भारत स्थित नेपाली कुटनैतिक नियोगको जिम्मेवारी हुनेछ ।

(९) उपदफा (८) बमोजिम भारत स्थित नेपाली कुटनैतिक नियोगलाई उद्धार कार्यमा

सहयोग गर्नु सरोकारवाला सबै सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको कर्तब्य हुनेछ ।

**११ तेश्रो मुलुकका सम्बन्धमा उद्धार योजना :**

(१) भारत बाहेक तेश्रो मुलुकमा बैदेशिक रोजगारीका सिलसिलामा बेचबिखन तथा ओसारपसार भई अलपत्र परी स्वदेश फर्कन चाहने पीडित/प्रभावित नेपाली नागरिकहरूको उद्धारका लागि कुटनैतिक नियोग लगायत विभिन्न श्रोत वा माध्यमबाट सूचना वा जानकारी संकलन गर्नु श्रम तथा यातायात ब्यवस्था मन्त्रालयको जिम्मेवारी हुनेछ ।

(२) उपदफा (१) बमोजिम श्रम तथा यातायात ब्यवस्था मन्त्रालयलाई पीडित/प्रभावित नेपाली नागरिकहरूका बारे सूचना वा जानकारी उपलब्ध गराउनु अन्य सरकारी निकाय, गैरसरकारी संघ संस्था तथा ब्यक्तिको कर्तब्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम श्रम तथा यातायात ब्यवस्था मन्त्रालयलाई सूचना वा जानकारी उपलब्ध गराउँदा पीडित/प्रभावितको नामथर, स्थायी ठेगाना, आमाबाबुको नामथर, निज नेपाली नागरिक हो भन्ने बारे खुलेसम्मको प्रमाण, निज हाल रहे बसेको मुलुकको नाम, प्रान्त, शहर र स्थान तथा उपलब्ध भएसम्म निजको परिचय खुल्ने कागज र फोटो समेतको विवरण पनि पेश गर्नु पर्नेछ ।

(४) श्रम तथा यातायात ब्यवस्था मन्त्रालयले उपदफा (३) बमोजिम प्राप्त विवरणका आधारमा विभिन्न मुलुकका विभिन्न स्थानहरूबाट उद्धार गरिनु पर्ने पीडित/प्रभावित नेपाली नागरिकहरूको संख्या एकीन गरी गराई तत्कालै उद्धार योजना बनाउनु पर्नेछ । त्यस्तो योजनामा देहाय अनुसार अघिल्लो वर्षको सूचनाका आधारमा पछिल्लो वर्षको लागि उद्धार कार्यमा लाग्ने रकमको अनुमान गरी अग्रीम रूपमा बजेट तर्जुमा गर्नु पर्नेछ :

(क) भारत बाहेकका विभिन्न तेश्रो मलुकहरूबाट उद्धार गरिनु पर्ने पीडित/प्रभावित नेपाली नागरिकहरूको संख्या,

(ख) उद्धारकार्यमा लाग्ने खर्च, उद्धार स्थलदेखि नेपाल र पीडित/प्रभावितको घर ठेगाना भएको जिल्ला वा निजले रोजेको स्थानसम्म ल्याउंदा लाग्ने बाटो खर्च, साथमा रहने सरकारी अधिकारी र/वा निजको संरक्षकलाई लाग्ने खर्च आदि समेतको लेखाजोखा गरी ब्ययको अनुमान ।

(ग) उद्धारका लागि नेपाल सरकारले ब्यहोर्ने रकम सहित आयको अनुमान ।

(५) उपदफा (४) बमोजिम श्रम तथा यातायात ब्यवस्था मन्त्रालयले तर्जुमा गरेको योजना अनुसार परराष्ट्र मन्त्रालयमा लेखी पठाउनु पर्नेछ र परराष्ट्र मन्त्रालयले

उद्धार कार्यमा नेतृत्वदायी भूभिका निर्वाह गरिदिन सम्बन्धित मुलुक स्थित नेपाली कुटनैतिक नियोगमा पठाउनु पर्नेछ ।

(६) प्राप्त विवरणका आधारमा विभिन्न मुलुकका विभिन्न स्थानहरूबाट बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएका नेपाल फर्कन सहमती जनाएका नेपाली नागरिकहरूको सम्बन्धित मुलुकका समकक्षी एवं संस्थाहरूको सहयोग जुटाई आवश्यक पहल गर्नु सम्बन्धित नेपाली कुटनैतिक नियोगको जिम्मेवारी हुनेछ ।

(७) उपदफा (१), (२), (३), (४), (५) र (६) बमोजिम भए गरेका काम कारवाहीका सम्बन्धमा श्रम तथा यातायात व्यवस्था मन्त्रालय र परराष्ट्र मन्त्रालयबाट राष्ट्रिय समितिले जानकारी लिई अद्यावधिक राख्नु पर्नेछ ।

१२. **जिल्लाहरूका सम्बन्धमा उद्धार योजना :**

(१) नियमावलीको नियम ७ (१) को खण्ड (च) बमोजिम जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिहरूको उद्धार सम्बन्धी योजना तथा बजेट तर्जुमा गर्ने प्रमुख जिम्मेवारी जिल्ला समितिको हुनेछ ।

(२) उपदफा (१) बमोजिम उद्धार सम्बन्धी योजना तथा बजेट तर्जुमा गर्दा जिल्ला समितिले आफ्नो जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको घटनाबाट पीडित/प्रभावित भएका व्यक्तिहरूको उद्धार कार्यलाई प्राथमिकतामा राखी लेखाजोखा गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जिल्ला समितिद्वारा उद्धारसम्बन्धी योजना तथा बजेट तर्जुमा गर्दा जिल्ला विकास समिति लगायत संग समन्वय गरी स्थानीय स्तरमा उपलब्ध हुन सक्ने श्रोत साधनको समेत लेखाजोखा गर्नु पर्नेछ । यसरी तर्जुमा भएको उद्धारसम्बन्धी योजना तथा बजेट स्वीकृतिका लागि राष्ट्रिय समितिमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम उद्धारसम्बन्धी योजना तथा बजेट तर्जुमा गर्दा जिल्ला समितिले आफ्नो जिल्लाभित्र देहाय अनुसारका आन्तरिक बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरू बारे ध्यानमा राख्नु पर्नेछ :

(क) जिल्लामा स्थायी बसोबास भएका पीडित/प्रभावित नेपाली नागरिकहरू,

(ख) अन्य जिल्लामा स्थायी बसोबास भई जिल्लामा फेला परेका पीडित/प्रभावित नेपाली नागरिकहरू,

(ग) जिल्लामा फेला परेका गैर नेपाली पीडित/प्रभावितहरू ।

(५) उपदफा (१), (२) र (३) बमोजिम जिल्लामा उद्धार योजना र बजेट तर्जुमाको कार्यमा जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**१३. <u>जिल्लामा पीडित/प्रभावितहरू बारे सूचना तथा जानकारी</u> :**

(१) जिल्लाभित्र उद्धार गरिनु पर्ने पीडित/प्रभावितहरू बारे भरपर्दो सूचना तथा जानकारी सङ्कलन गर्नु जिल्ला समितिको जिम्मेवारी हुनेछ। सो कार्यमा जिल्ला समितिले स्थानीय समिति,न.पा.,गाउं विकास समिति (गाविस) महिला संस्थाहरू, कानूनी सहायता समिति , युवा क्लव, बाल क्लव, किशोरी समूह, निगरानी समूह समेतलाई परिचालन गर्न सक्नेछ ।

(२) जिल्लामा उद्धार गरिनु पर्ने पीडित/प्रभावितहरूबारे कुनै सरकारी निकाय, गैरसरकारी संघ संस्था वा व्यक्तिले जिल्ला समितिलाई सूचना वा जानकारी उपलब्ध गराउँदा पीडित/प्रभावितको नामथर, स्थायी ठेगाना, आमाबाबुको नामथर, निज नेपाली नागरिक हो होइन भन्ने बारे खुलेसम्मको विवरण, निज हाल रहे बसेको गाउँ, नगर र घर भएको स्थान तथा उपलब्ध भएसम्म निजको परिचय खुल्ने कागज र फोटो समेतको विवरण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त सूचना तथा जानकारी बारे जिल्ला समितिले एकिन गरी उद्धारका लागि यथाशीघ्र आवश्यक पहल गर्नु पर्नेछ ।

**१४. <u>उद्धार कार्यको तयारी</u> :**

(१) जिल्लाभित्र आन्तरिक बेचबिखन तथा ओसारपसारबाट उद्धार गरिनु पर्ने पीडित/प्रभावितहरू बारे सूचना तथा जानकारी प्राप्त हुनासाथ जिल्ला समितिले उद्धारका लागि देहाय उपदफा (२) (३), (४) र (५) बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ :

(२) **उद्धारपूर्वको तयारी** : जिल्लामा आन्तरिक बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको उद्धारका लागि देहाय अनुसार पूर्वतयारी गर्नु पर्नेछ -

(क) जिम्मेवार निकायको नेतृत्वमा तालिम प्राप्त व्यक्तिहरूको संलग्नतामा छरितो उद्धार तथा खानतलासी टोली गठन गर्ने,

(ख) उद्धार तथा खानतलासी टोलीमा महिला तथा बालबालिका कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य कार्यालय लयागत बहुपक्षीय सेवा प्रदायकका प्रतिनिधिहरूलाई संलग्न गराउने,

(ग) उद्धार तथा खानतलासी गर्न लागिएको स्थानको परिसर, भौतिक संरचना तथा पीडित/प्रभावित तथा शंकीत पीडकहरूका बारे आधिकारिक सूचना संकलन गर्ने,

(घ) उद्धार तथा खानतलासी टोलीको आकारलाई उद्धार कार्यको प्रकृति र आयतनका आधारमा सानो, ठूलो वा लचिलो बनाउने,

(ङ) उद्धार तथा खानतलासी टोलीको गोपनीयता र सुरक्षा सतर्कतालाई अपनाउँदै

उद्धार तथा खानतलासी कार्यमा खटिनु अगाडि तोकिएको स्थानमा भेला भई आ-आफ्नो भूमिका बारे स्पष्ट हुन,

(च) महिला बालबालिकाहरूको उद्धार तथा खानतलासी कार्यमा खटिने टोलीमा अनिवार्य रूपमा महिला प्रहरी लगायत अन्य निकाय तथा संस्थाहरूबाट समेत उल्लेख्य संख्यामा महिला प्रतिनिधिहरूलाई संलग्न गराउने,

(छ) उद्धार तथा खानतलासी कार्यमा संलग्न रहने सुरक्षाकर्मीहरूले अवस्थाको बिष्लेषण गरी प्रहरी पोशाक लगाउन वा नलगाउन सक्ने,

(ज) उद्धार तथा खानतलासी कार्यमा प्रयोग गरिने आधारभूत सामग्रीहरू (जस्तै (ब्लाङ्केट, टर्च लाइट, प्राथमिक उपचारका सामान, पानी, आदि) रहेको उद्धार बाकस (Rescue Kit) लाई तयारी अवस्थामा राख्ने,

(झ) उद्धार तथा खानतलासीमा प्रयोगको लागि सवारी साधन तयारी अवस्थामा राख्ने ।

(३) **उद्धार तथा खानतलासी टोलीको गठन :** जिल्लामा आन्तरिक बेचबिखन तथा ओसारपसार भइरहेको भन्ने सूचनाका आधारमा घटनास्थलमा खानतलासी गरी पीडित⁄प्रभावितहरूलाई शंकित पीडकहरूको नियन्त्रण र शोषणयुक्त अवस्थाबाट उद्धार गर्न देहाय अनुसार गर्नु पर्ने छ :

(क) बेचबिखन तथा ओसारपसारबाट पीडित⁄प्रभावितहरूलाई उद्धार गरी शंकित पीडकहरूलाई कानूनको दायरामा ल्याउने सिलसिलामा खानतलासी लिनु पर्ने अवस्थामा दर्जा पुगेका प्रहरी प्रतिनिधि (घटिमा प्रहरी सहायक निरीक्षक) को नेतृत्वमा जिल्ला समितिले गोप्य तवरबाट उद्धार तथा खानतलासी टोली निर्माण गर्ने ।

(ख) खण्ड (क) बमोजिम गठन भएको उद्धार तथा खानतलासी टोलीमा आवश्यक संख्यामा सुरक्षाकर्मी, सहयोगी गैरसरकारी संघ संस्थाका प्रतिनिधि तथा सामाजिक कार्यकर्ताहरूलाई संलग्न गराउने ।

(ग) उद्धार तथा खानतलासी टोलीमा संलग्न रहने सुरक्षाकर्मी लगायत अन्य सदस्यहरूमा उल्लेख्य संख्यामा महिलाहरूको प्रतिनिधित्व गराउने ।

(घ) उद्धार तथा खानतलासी टोलीले आवश्यक सुरक्षा सतर्कताका प्रबन्ध सहित खानतलासी योजना बनाउने ।

(ङ) उद्धार तथा खानतलासी योजनामा गोप्यता र पीडित⁄प्रभावितहरूको गोपनीयता लगायतका अधिकारहरूलाई विशेष ध्यान पुऱ्याउने ।

(च) उद्धार तथा खानतलासी गर्दा स्थानीय निकायका प्रनितिधि र नागरिक समाजका

प्रतिनिधिलाई रोहवरमा राखी मुचुल्का उठाउने ।

(छ) उद्धार तथा खानतलासी गर्दा बेचबिखन तथा ओसारपसारमा संलग्न पीडक, दलाल वा मतियारहरू भाग्ने उम्कने मौका नदिने व्यवस्था मिलाउने ।

(ज) उद्धार तथा खानतलासी गर्दा सम्भव भएसम्मका दसी प्रमाणहरू सुरक्षित राख्ने र आवश्यकता अनुसार पीडित/प्रभावितहरूको पक्षमा पेश गर्ने । साक्षीहरू तथा रोहवरका व्यक्तिहरूलाई समेत सुरक्षाको प्रबन्ध मिलाउने ।

(झ) उद्धार तथा खातलाशीको अवस्थामा मानवअधिकारका सिद्धान्तहरूलाई पालना गर्नुपर्ने ।

(४) **उद्धार तथा खानतलासी कार्य गरिरहँदाको अवस्था** : उद्धार तथा खानतलासी टोलीले पीडित/प्रभावितहरूको उद्धार गरिरहँदाको अवस्थामा देहाय अनुसार व्यवस्था मिलाउनु पर्नेछ -

(क) उद्धार तथा खानतलासी कार्यका वेला पीडित/प्रभावित व्यक्तिको परिचय र पहिचान खुल्ने प्रमाण तथा कागजपत्रहरू संकलन र संरक्षण गर्न मद्दत पुऱ्याउने ।

(ख) उद्धार तथा खानतलासीको क्रममा सम्पर्कमा आएका पीडित/प्रभावित व्यक्तिलाई एक्लै नछोड्ने ।

(ग) पीडित/प्रभावित व्यक्तिहरूसँग सभ्य, नम्र र सम्मानजनक व्यवहार गर्ने ।

(घ) पीडित/प्रभावित व्यक्तिलाई लैङ्गिक संवेदनशील भई व्यवहार गर्ने । प्रभावित व्यक्ति महिला वा बालिका भए महिला उद्धारकर्मीले सहयोग गर्ने ।

(ङ) पीडित/प्रभावित व्यक्तिलाई तत्काल आवश्यक पर्ने खाना तथा लत्ताकपडाको व्यवस्था गर्ने ।

(च) पीडित/प्रभावित व्यक्तिलाई आवश्यकता अनुसार तत्काल आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ज) सुरक्षा प्रयोजनको लागि प्रयोगमा ल्याइएका मोवाइल फोन तथा अन्य सञ्चार उपकरणहरू पीडित/प्रभावित व्यक्तिको व्यक्तिगत सूचना आदानप्रदानको निम्ति प्रयोगमा नल्याउने ।

(झ) उद्धार तथा खानतलासीको क्रममा फेला परेका शंकीत पीडकहरूलाई भाग्ने उम्कने मौका नदिने ।

(ञ) उद्धार तथा खानतलासीको क्रममा सम्पर्कमा आएका पीडित/प्रभावित व्यक्तिको निजी विषयमा सञ्चार माध्यम लगायत अन्य कसैलाई पनि त्यसको

जानकारी नदिने ।

(५) **उद्धार कार्य पश्चातको अवस्था** : जिल्ला समिति, उद्धार तथा खानतलासी टोली र अन्य सरोकारवालाहरूले पीडित/प्रभावितहरूको उद्धार पश्चात देहायका कुराहरूलाई ध्यानमा राख्नु पर्नेछ -

(क) पीडित/प्रभावित व्यक्तिलाई अधिकार प्राप्त अधिकारी समक्ष बाहेक सञ्चार माध्यम लगायत अन्य बेसरोकारवालाहरू समक्ष प्रस्तुत नगर्ने, नगराउने,

(ख) सम्भव भएसम्म छिटो भन्दा छिटो पीडित/प्रभावित व्यक्तिका बालबच्चा तथा परिवारसँग सम्पर्क स्थापित गर्न सहयोग पुऱ्याउने,

(ग) पीडित/प्रभावित व्यक्तिलाई छिटो भन्दा छिटो संरक्षण गृह, पुनर्स्थापना केन्द्र वा अन्य उपयुक्त र सुरक्षित स्थानमा राख्ने,

(घ) पीडित/प्रभावित व्यक्तिलाई प्रहरी हिरासतमा नराख्ने,

(ङ) प्रहरी वा अन्य कुनै अधिकार प्राप्त अधिकारीहरूले सोधपुछ गर्ने क्रममा पीडित/प्रभावितका साथमा महिला सामाजिक कार्यकर्तालाई संलग्न गराउने,

(च) पीडित/प्रभावित व्यक्तिको स्वास्थ्य परिक्षण गराई आवश्यकता अनुसार स्वास्थ्य हेरचाहका लागि प्रेषण गर्ने,

(छ) पीडित/प्रभावित व्यक्तिलाई उनको इच्छा र आवश्यकता अनुसार कानूनी परामर्श तथा सहायता प्रदान गन,

(ज) पीडित/प्रभावित व्यक्तिको मुद्दा किनारा नभएसम्मका लागि अनुसन्धान अधिकारी तथा पीडित/प्रभावित व्यक्ति आफैले पनि शंकाको घेराभित्र राखेका व्यक्ति वा शंकाको घेराभित्र राखेका व्यक्तिको आफन्त वा साथि भनेर पहिचान भएका ब्यक्तिको सम्पर्कबाट निज पीडित/प्रभावित ब्यक्तिलाई सुरक्षित र टाढा राख्ने,

(झ) पीडित/प्रभावित व्यक्तिसँगै निजसँग आश्रित नाबालकलाई राख्ने प्रवन्ध मिलाउने । पीडित/प्रभावितका नाबालकहरूका लागि आवश्यक खेलौनाको ब्यवस्था मिलाउने,

(ञ) प्रचलित कानून बमोजिम पीडित/प्रभावितले पाउने कुनै पनि प्रकारका क्षतिपूर्तिका लागि सहयोग गर्ने,

(ट) उद्धार पश्चात सूचना तथा जानकारी बाहिर जान नदिन उद्धार टोलीले उद्धारको समयमा प्रयोगमा ल्याएका मोबाइल फोन लगायत अन्य संचार उपकरणहरू प्रहरी कार्यालयमा सुरक्षित राख्ने वा प्रहरीको निकट निगरानीमा राख्ने,

(ठ) उद्धार पश्चात पीडित/प्रभावित व्यक्तिलाई उनको इच्छा अनुसार घर तथा स्वदेश फर्कन सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरूको आपसी सहयोगका लागि विशेष पहल गर्ने,

(ड) उद्धार तथा खानतलासीको क्रममा फेला परेका शंकीत पीडकहरूलाई छिटोभन्दा छिटो प्रहरी कार्यालयमा बुझाउने ।

१५. <u>बालबालिकाहरूको उद्धारमा ध्यान दिनुपर्ने विषयहरू :</u>

पीडित/प्रभावित बालबालिकाहरूको उद्धार कार्य गर्दा सरोकारवालाहरू सबैले देहायका कुराहरूमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ :

(क) छिटो भन्दा छिटो सुरक्षित स्थानमा लैजाने,

(ख) खाना, लत्ताकपडा, आवासको तुरून्त व्यवस्था गर्ने,

(ग) आवश्यक औषधोपचार सेवा तुरून्त उपलब्ध गराउने,

(घ) परिवारको पहिचान छिटो भन्दा छिटो गर्ने,

(ङ) परिवारको पहिचान नभएमा तत्काले आवासीय सुबिधा उपलब्ध गराउने,

(च) परिवारको पहिचान भएर पनि तत्कालका लागि पुनर्स्थापना केन्द्रमा राख्नु आवश्यक छ भन्ने लागेमा तुरून्तै आवासीय सुबिधा उपलब्ध गराउने,

(छ) बालिकामाथि आश्रित नाबालकको हेरचाह तथा संरक्षणको लागि समेत यथोचित ध्यान दिने ।

१६ <u>अभिलेखीकरण</u>

(१) **सरोकारवाला निकायहरूको दायित्व :** उद्धार कार्यमा संलग्न सरोकारवाला निकायहरूले अनुसूची १ मा दिएको नमुना अनुसार उद्धार गरिएका पीडित/प्रभावितहरूको अभिलेख जनाई एक प्रति आफ्नै निकायमा राखी अर्को प्रति निज पीडित/प्रभावित व्यक्तिसँगै प्रेषण गरिएको निकायमा पठाउनु पर्नेछ ।

(२) **अभिलेखको गोपनीयता :** उद्धार गरिएका पीडित/प्रभावितहरूको अभिलेख गोप्य राख्नु पर्नेछ ।

(३) **प्रभावितहरूको सर्वोत्तम हितको लागि प्रयोग :** सरोकारवाला निकाय र अन्य सहयोगी संयन्त्रहरूलाई आवश्यकता अनुसार विवरण उपलब्ध गराउन पर्नेछ । तर, यसरी उपलब्ध गरिएका विवरणहरूलाई पीडित/प्रभावितहरूको सर्वोत्तम हितको पक्षमा मात्र उपयोग गर्नु पर्नेछ र सूचना सम्प्रेषण गर्दा पीडित/प्रभावितको व्यक्तिगत पहिचानलाई अनिवार्य रूपमा गोप्य राख्नु पर्नेछ ।

## परिच्छेद ४

# स्वदेशफिर्ति

१७. **राष्ट्रिय समितिको जिम्मेवारी :**

विदेशमा बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित नेपाली नागरिकको उद्धार तथा स्वदेशफिर्तिको व्यवस्था मिलाउने दायित्व ऐनको दफा १२ बमोजिम नेपाल सरकारमा रही नियमावलीको नियम ४ (१) को खण्ड (ग) बमोजिम राष्ट्रिय समितिमा निहित रहेको छ ।

१८. **संघ संस्थासंग समन्वय गर्ने :**

नियमावलीको नियम ४ (२) बमोजिम पीडित/प्रभावितहरूको स्वदेशफिर्ति सम्बन्धी कार्य गर्दा राष्ट्रिय समितिले सरोकारवाला गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गर्नु पर्नेछ ।

१९. **मन्त्रालयको जिम्मेवारी हुने :**

नियमावलीको नियम ४ (५) बमोजिम राष्ट्रिय समितिको सचिवालय मन्त्रालयमा रहेको हुँदा सो समितिलाई स्वदेशफिर्तिको योजना बनाउने कार्य लगायत अन्य आवश्यक सहयोग उपलब्ध गराउने कार्यमा मन्त्रालयको जिम्मेवारी हुनेछ ।

२०. **मन्त्रालयले परिचालन गर्ने :**

पीडित/प्रभावितहरूको स्वदेशफिर्ति कार्यमा मन्त्रालयले आवश्यकता अनुसार मातहतका विभाग, कार्यालयहरू, केन्द्रीय बालकल्याण समिति, जिल्ला बाल कल्याण समिति, जिल्ला समिति र स्थानीय समितिलाई आवश्यकता अनुसार परिचालन गर्नु पर्नेछ ।

२१ **अन्य सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूले सहयोग गर्नुपर्ने :**

पीडित/प्रभावितहरूको स्वदेशफिर्ति कार्य तथा प्रक्रियामा राष्ट्रिय समिति र मन्त्रालयलाई आवश्यक परेको समयमा सहयोग उपलब्ध गराउनु अन्य सरकारी निकायहरू, स्थानीय निकायहरू, जिल्ला समिति, स्थानीय समिति लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूको कर्तब्य हुनेछ ।

२२. **सुरक्षित र स्वेच्छिक स्वदेशफिर्ति सम्बन्धी ब्यवस्था :**

(१) राष्ट्रिय समितिले स्वेच्छिक स्वदेशफिर्ति प्रक्रियालाई सुरक्षित र भरपर्दो बनाउन देहाय उपदफा (२), (३), (४), (५) र (६) बमोजिमको ब्यवस्था मिलाउनु पर्नेछ ।

(२) **संस्थाहरूको विवरण :** मानव बेचबिखनबाट पीडित/प्रभावित नेपाली नागरिकहरूको स्वदेशफिर्ति प्रक्रियामा संलग्न रहेका र सहयोगी हुनसक्ने स्वदेशी तथा विदेशी संघ संस्थाहरूको पहिचान गरी तिनीहरूको कार्य क्षेत्र सहितको विवरण अद्यावधिक राख्ने,

(अ) छिमेकी राष्ट्र भारतको हकमा राष्ट्रिय समिति स्वयंले विवरण राखी परराष्ट्र मन्त्रालयमा सूचना आदान प्रदान गर्ने,

(आ) भारत बाहेकका तेश्रो मुलुकहरूको हकमा श्रम तथा यातायात ब्यवस्था मन्त्रालयले विवरण राखी परराष्ट्र मन्त्रालय र राष्ट्रिय समितिमा सूचना आदान प्रदान गर्ने ब्यवस्था मिलाउने,

(इ) यस्तो विवरण राख्दा मुलुक अनुसार फरक फरक सूची तयार गरी अद्यावधिक राख्ने व्यवस्था मिलाउने ।

(३) **पीडित/प्रभावित :** स्वेच्छिक स्वदेशफिर्तिका लागि पर्खेर बसेका पीडित/प्रभावितहरू बारे पहिचान गर्ने :

(अ) भारतमा फेला परेका पीडित/प्रभावित नेपाली नागरिक

(१) नेपाल सरकार वा अन्य कुनै नेपाली गैरसरकारी संघ संस्थाको अनुरोध वा सूचनाका आधारमा भारत सरकारका कुनै निकायद्वारा भारतीय भूमिमा उद्धार गरिएका नेपाली पीडित/प्रभावित,

(२) पीडित/प्रभावितका अभिभावक, परिवार वा आफन्त वा भारतीय गैरसरकारी संघ संस्थाको विशेष प्रयासमा उद्धार गरिएका नेपाली पीडित/प्रभावित,

(३) आफ्नै स्वेच्छाले शोषणयुक्त स्थानबाट उम्केर भारतको कुनै सरकारी वा गैरसरकारी संघ संस्थामा शरण लिइरहेका नेपाली पीडित/प्रभावित,

(आ) भारत बाहेकका तेस्रो मुलुकमा पीडित/प्रभावित नेपाली नागरिक

(१) नेपाल सरकार वा अन्य कुनै नेपाली गैरसरकारी संघ संस्थाको अनुरोध वा सूचनाका आधारमा सम्बन्धित मुलुकको सरकारद्वारा विदेशी भूमिमा उद्धार गरिएका नेपाली पीडित/प्रभावित,

(२) पीडित/प्रभावितका अभिभावक, परिवार वा आफन्तको विशेष प्रयासमा उद्धार गरिएका नेपाली पीडित/प्रभावित,

(३) आफ्नै स्वेच्छाले शोषणयुक्त स्थानबाट उम्केर कतै शरण लिइरहेका नेपाली पीडित/प्रभावित ।

(इ) नेपालमा फेला परेका पीडित/प्रभावित विदेशी नागरिक

आफू जन्मेको स्थान वा आफ्नो मुलुक फर्कन चाहने नेपालमा उद्धार गरिएका वा फेला परेका विदेशी पीडित/प्रभावित ।

(४) **मुख्य संस्थाको पहिचान :**

(अ) भारतको हकमा राष्ट्रिय समितिले र भारत बाहेकका तेश्रो मुलुकहरूको हकमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसारको कुनै खास शोषणयुक्त घटनाबाट पीडित/प्रभावित भएका नेपाली नागरिकलाई स्वेच्छिक स्वदेशफिर्ति प्रक्रियामा मुख्य भूमिका र दायित्व लिने स्वदेशी तथा विदेशी संस्थाको किटानी साथ पहिचान गर्नु पर्नेछ ।

(आ) भारतमा कार्यरत संस्थाहरूको हकमा यसरी पहिचान भएका संस्थाहरूको विवरण राष्ट्रिय समितिले परराष्ट्र मन्त्रालय मार्फत भारत स्थित नेपाली कुटनैतिक नियोगमा पठाउनु पर्नेछ ।

(इ) भारत बाहेकका अन्य मुलुकहरूका हकमा पहिचान भएका संस्थाहरूको विवरण श्रम तथा यातायात व्यवस्था मन्त्रालयले जिम्मेवारी लिई परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित मुलुकमा रहेका नेपाली कुटनैतिक नियोगमा पठाई राष्ट्रिय समितिलाई सो को जानकारी गर्नु पर्नेछ ।

(५) **कार्यप्रणाली बारे जानकारी :** स्वेच्छिक स्वदेशफिर्ति प्रक्रियामा संलग्न रहने नेपालको सरकारी निकायहरू तथा सरोकारवाला गैरसरकारी संघ संस्थाहरूले गन्तब्य मुलुकको कानून तथा निर्धारित कार्यप्रणाली बारे जानकारीमा राखी सोही अनुसार त्यहाँका सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरूसँगको सहकार्यमा पीडित/प्रभावितहरूको हित हुने गरी उनीहरूलाई स्वदेशफिर्ति गराउने बारे कार्य पद्धति अपनाउनु पर्नेछ ।

(६) **स्वदेशफिर्ति प्रक्रिया निर्धारण :** सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरूले स्वेच्छिक स्वदेशफिर्ति प्रक्रिया गन्तब्य मुलुकहरूको कानून तथा कार्यप्रणाली अनुसार फरक फरक हुन सक्ने र द्विपक्षीय सम्झौता, समझदारी र छलफलबाट स्वदेशफिर्ति प्रक्रिया निर्धारण गर्नुपर्ने विषयलाई ध्यानमा राखी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

## २३ स्वदेशफिर्तिका क्रममा हेरचाह तथा संरक्षणका लागि अन्तरदेशीय प्रेषण :

स्वदेशफिर्ति गराउनु भन्दा अगाडि संलग्न रहने सरोकारवाला सरकारी निकायहरू तथा गैरसरकारी संघ संस्थाहरूले पीडित/प्रभावित व्यक्ति सम्पर्कमा आएपछि स्वदेशफिर्तिका लागि पर्खेर बसेको अवस्थामा समेत आवश्यकता अनुसार देहायका हेरचाह तथा संरक्षण सेवाहरू निरन्तर उपलब्ध गराउनु पर्नेछ :

(क) खाना र लत्ता कपडा सहित आधारभूत आवश्यकता पूर्ति हुने गरी अस्थायी आवासीय व्यवस्था,

(ख) न्यूनतम स्वास्थ्य उपचार सहायता,

(ग) मनोविमर्श सेवा,

(घ) कानूनी परामर्श,

(ङ) स्वदेश फिर्तिको तयारी बारे अनुशिक्षण ।

२४. **अस्थायी यात्रा अनुमतिपत्र :**

पीडित/प्रभावित व्यक्तिलाई स्वदेशफिर्तिको निम्ति उनको पहिचानको आधारमा सम्बन्धित मुलुकका नेपाली कुटनैतिक नियोगले अस्थायी यात्रा अनुमति पत्र प्रदान गर्नु पर्नेछ ।

२५. **पीडित/प्रभावितका आश्रित बालबालिका** :

स्वदेशफिर्तिको क्रममा पीडित/प्रभावितमाथि आश्रित बालबालिकाहरूको हकमा समेत सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरूले लेखाजोखा गरी पीडित/प्रभावितहरूबाट अलग नगराइ संरक्षण हुने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

२६. **सुरक्षाको लेखाजोखा** :

सरोकारवाला निकाय तथा गैरसरकारी संघ संस्थाहरूले पीडित/प्रभावितहरूको स्वेच्छिक स्वदेश फिर्तिको क्रममा उनीहरूको व्यक्तिगत सुरक्षाबारे एकीन गरी सुरक्षाको लेखाजोखा गर्नु पर्नेछ । सामाजिक तथा सांस्कृतिक परिवेशमा परिवारबाट, दलालबाट र अन्य व्यक्तिहरू समेतबाट उनीहरु माथि हुने खतराबारे मूल्याङ्कन गरी सुरक्षा सतर्कता अपनाउनु पर्नेछ ।

२७. **यात्रा ब्यवस्थापन :**

(१) पीडित/प्रभावितलाई विदेशबाट उद्धार गरी सुरक्षाका साथ नेपालमा फिर्ता ल्याउन सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरूले देहाय उपदफा (२) (३) (४) अनुसार यात्राको व्यवस्था मिलाउनु पर्नेछ :

**(२) यात्रा योजना :**

(अ) पीडित/प्रभावितको अधिकार र आत्मसम्मानलाई मध्यनजर राख्दै यात्राको योजना बनाउने,

(आ) यात्राको योजना बनाउँदा पीडित/प्रभावितले दिएको ठेगाना तथा अन्य विवरणको सम्बन्धमा एकीन गर्ने,

(इ) यात्राको योजना बनाउँदा पीडित/प्रभावितको सहमतिमा उनीहरूको आवश्यकता र चासोलाई ध्यानमा राख्ने ।

**(३) यात्राको साधन :**

(अ) पीडित/प्रभावितको सुरक्षा चासो र आवश्यकता अनुसार हवाई वा स्थलमार्ग प्रयोग गर्ने,

(आ) यात्राको साधनबारे निर्णय गर्दा पीडित/प्रभावितको सुरक्षालाई मुख्य केन्द्र विन्दुमा राखी सम्भव भएसम्म मितव्ययी र छिटो पुग्ने साधनलाई रोज्नु पर्ने ।

(४) **यात्रा खर्च :**

(अ) पीडित/प्रभावित व्यक्तिलाई स्वदेश फिर्तिको क्रममा लाग्ने खर्च भारतको हकमा राष्ट्रिय समितिले र भारत बाहेकका तेश्रो मुलुकहरूको हकमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले व्यवस्था मिलाउनु पर्नेछ ।

(आ) यात्राको क्रममा प्रभावित व्यक्तिलाई खाना, स्वास्थ्य उपचार तथा आधारभूत आवश्यकता पुरा गर्न चाहिने खर्च समेत उपलब्ध गराउनु पर्नेछ ।

(इ) सम्बन्धित समिति वा मन्त्रालयले पीडित/प्रभावित व्यक्तिलाई प्रस्थान बिन्दुमा पुग्दासम्मको लागि लाग्ने सम्पूर्ण खर्चहरूको पूर्व लेखाजोखा गरी यात्रा पूर्व नै जिम्मेवार निकाय, संस्था वा व्यक्तिको जिम्मामा सो रकम उपलब्ध गराउनु पर्नेछ ।

२८. **स्वदेश फिर्तिका लागि अन्तरदेशीय सञ्चार प्रक्रिया :**

(१) पीडित/प्रभावित व्यक्तिलाई विदेशबाट उद्धार गरी स्वदेशफिर्ति गर्ने सम्बन्धमा अन्य प्रक्रिया शुरू गर्नुभन्दा अगावै प्रेषण गर्ने (प्रेषक) संस्था र प्रेषण गरिने (प्रापक) संस्थाहरू बीच निरन्तर र द्रूत सञ्चार सम्पर्कलाई ध्यानमा राख्नु पर्नेछ ।

(२) पीडित/प्रभावित व्यक्तिको स्वदेशफिर्ति प्रक्रियामा संलग्न रहने सेवा प्रदायकहरूले सांकेतिक शब्द र सुरक्षित टेलिफोन लाइनका माध्यमबाट उच्च सतर्कता सहित सूचना आदानप्रदान गर्नु पर्नेछ ।

(३) सञ्चार सम्पर्कका लागि देहाय बमोजिमका प्रक्रियाहरूलाई चरणबद्ध रूपमा अवलम्वन गर्नु पर्नेछ :

**(क) प्रेषक संस्थाद्वारा सहयोगका लागि प्रारम्भिक अनुरोध :** प्रेषक संस्थाले प्रापक संस्थामा पीडित/प्रभावित व्यक्तिलाई स्वदेशफिर्तिका क्रममा निजको यात्रा प्रवन्ध र संरक्षण प्रदान गरिदिनका लागि निजबारे आवश्यक विवरण सहित अनुरोध पठाउने । जस्तै - फिर्ता पठाइने प्रभावितको नाम, जन्ममिति, श्रोत मुलुकमा घर भएको स्थान, उनको बेचबिखन भएको बारे सोधखोज गरिएका विवरण फाराम, स्वास्थ्य स्थिति, सुरक्षा तथा जोखिमी अवस्थाको मूल्याङ्कन, प्रस्थान गर्ने सम्भावित मिति र समय तथा अन्य आवश्यक जानकारी ।

**(ख) प्रापक संस्थाद्वारा सहयोग दिने बारे जानकारी :** प्रापक संस्थाले प्रेषक संस्थाबाट उद्धारका क्रममा स्वदेश फिर्ता गरिने पीडित/प्रभावित व्यक्ति बारे विवरण सहित अनुरोध प्राप्त गरेपछि आफ्नो संस्थाद्वारा सहायता प्रदान गर्न सकिने वा नसकिने बारेमा लिखित जानकारी पठाउने । जानकारी पठाउँदा आफ्नो संस्था वा निकायले उपलब्ध गराउने सहयोग वा संरक्षण सेवा र आगमन बिन्दूमा

भेट्न जाने व्यक्तिको नाम र अन्य आवश्यक विवरण समेत उल्लेख गर्ने । यदि आफ्नो संस्थाबाट सहायता प्रदान गर्न नसकिने अवस्था भएमा सहायता प्रदान गर्न सक्ने सम्भावित अन्य संस्थाको बारे जानकारी दिने ।

(ग) **प्रेषक संस्थाद्वारा पुनर्स्थापना तथा पुनःएकीकरणका लागि अनुरोध :** प्रापक संस्थाबाट पीडित/प्रभावित व्यक्तिलाई सहयोग वा संरक्षण (ग्रहण) गर्न सकिने बारे जानकारी प्राप्त भएपछि प्रेषक संस्थाले प्रभावितलाई पुनर्स्थापना तथा पुनःएकीकरणमा सहायता प्रदान गर्न प्रापक संस्थालाई अनुरोध पठाउने । सो अनुरोध पत्रमा प्रभावितद्वारा व्यक्त पुनर्स्थापना तथा पुनःएकीकरणसम्बन्धी विशेष आवश्यकता र चासोलाई समेत ध्यानमा राख्ने ।

(घ) **प्रापक संस्थाद्वारा पुनर्स्थापना तथा पुनःएकीकरणमा सहयोग गर्ने प्रतिवद्धता :** प्रेषक संस्थाबाट पुनःएकीकरण सहायताका लागि अनुरोध प्राप्त भए पछि प्रापक संस्थाले आफूले उपलब्ध गराउन सकिने पुनःएकीकरण सहायता बारे जानकारी गराउने । तर सो जानकारीलाई पीडित/प्रभावित व्यक्तिको लागि पुनर्स्थापना तथा पुनःएकीकरणका लागि विस्तृत योजनाका रूपमा मान्नु हुँदैन । स्थानीय स्तरमा उपलब्ध पुनर्स्थापना तथा पुनःएकीकरणसम्बन्धी सेवालाई मध्यनजरमा राखी प्रापक संस्थाले समन्वयात्मक र विस्तृत पुनर्स्थापना तथा पुनःएकीकरण योजना निर्माण गर्नुपर्ने छ । यस्तो योजनामा पुनर्स्थापना तथा पुनःएकीकरणका लागि आवश्यक पर्ने रकमको लेखाजोखा गर्नु पर्नेछ ।

(ङ) **प्रेषक संस्थाद्वारा प्रस्थान बारे जानकारी :** प्रापक संस्थाबाट पीडित/प्रभावितलाई सहयोग वा संरक्षण (ग्रहण) गर्ने जानकारी प्राप्त भएपछि प्रेषक संस्थाले प्रभावितको यात्रा प्रबन्ध मिलाई निज प्रस्थान भएको सूचना छिटो साधनद्वारा उपलब्ध गराउने । सो सूचनामा प्रभावितको नाम, जन्म मिति, घर भएको स्थान, यात्रा विवरण (जस्तै - यात्रा गरेको मिति, साधन, साधनको प्रकार, नाम, आदि), गन्तब्य स्थानमा पुग्ने अनुमानित मिति र समय, साथमा हिंडेको अनुचर/रक्षक/अभिभावकको नाम तथा अन्य आवश्यक विवरण उल्लेख गर्ने ।

(च) **प्रापक संस्थाद्वारा आगमन बारे जानकारी :** पीडित/प्रभावितको आगमन पछि प्रापक संस्थाले पहिलो मिलन बिन्दूमा आफ्ना सहचारी पठाई साथ लिई आएको जानकारी प्रेषक संस्थालाई छिटो साधन (टेलिफोन, फ्याक्स, इमेल आदि) द्वारा दिने ।

२९. **बालबालिकाहरूका लागि विशेष ब्यवस्था :**

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित बालबालिकाको सुरक्षित स्वदेशफिर्तिका लागि देहाय अनुसारको थप ब्यवस्था गर्नु पर्नेछ :

(क) **बाल अधिकार :** बालबालिकासँग सम्बन्धित सबै कार्यहरू संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी महासन्धि (CRC) ले निर्दिष्ट गरेका बालअधिकारहरूलाई सम्मान र संरक्षण गर्ने सिद्धान्तहरूद्वारा निर्देशित भएको हुनुपर्नेछ। राज्यको सीमा क्षेत्र र क्षेत्राधिकारभित्र फेला परेका बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित सबै बालबालिकाका लागि राज्यको दायित्व स्वतः सिर्जना हुने हुँदा जुनसुकै राष्ट्रियता, आप्रवासीय अवस्था वा राज्यबिहीन अवस्थाका भए पनि बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित सबै प्रकारका बालबालिकाहरूले आफ्नो अधिकार उपभोग गर्न पाउने गरी ब्यवस्था मिलाउनु पर्नेछ।

(ख) **फर्किन पाउने अधिकारको सुनिश्चितता :** पीडित/प्रभावित कुनै पनि बालबालिकालाई उनको स्वदेश फर्किन पाउने अधिकारको सुनिश्चिता गर्दै सोही अनुसारको स्वदेशफिर्ति प्रक्रियाको बन्दोबस्त मिलाउनु पर्नेछ।

(ग) **अविभेदको सिद्धान्तको पालना :** कुनै पनि पीडित/प्रभावित बालबालिकालाई उनको राष्ट्रियता, जाति, लिङ्ग, वा अन्य संरक्षित बिशेषताका आधारमा भेदभाव नगरी संरक्षण गर्नु पर्नेछ र उनका सबै अधिकारहरू सुनिश्चित गर्नु पर्नेछ।

(घ) **बालबालिकाको सर्वोत्तम हित :** बालबालिकाका लागि अल्पकालीन र दिर्घकालीन समाधानहरू निर्धारण गर्दा मुख्य रूपमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनु पर्नेछ। स्वदेशफिर्ति सम्बन्धी सम्पूर्ण कार्यमा बालबालिकाका सर्वोत्तम हितहरू सुनिश्चित गर्नु पर्नेछ। बालबालिकाका सर्वोत्तम हितलाई निर्धारण गर्दा उपलव्ध भएका बिभिन्न बिकल्पहरूमध्ये सबैभन्दा उत्तम विकल्पमा जोड दिंदै बालबालिकालाई उनीहरूको सुसूचित हुन पाउने अधिकार अनुसार सम्झाई बुझाई गर्नु पर्नेछ र बालबालिकालाई असर गर्ने सबै विषयहरूमा उनको बिचार अभिव्यक्त गर्न र निर्णयमा भाग लिन दिनु पर्नेछ। साथै छनौट गरिएको विकल्पका कारण कुनै बालबालिकालाई कुनै प्रकारको खतरा वा शोषणमा पार्ने छैन र बालबालिकाको संरक्षण पाउने अधिकार अन्तर्गत उनीहरूको राम्रो संरक्षण, आर्थिक स्रोतमा पहुँच, संस्थागत बिकासका माध्यमबाट जीवनमा सकारात्मक परिवर्तन ल्याउने कुराको सुनिश्चिचतता गर्नु पर्नेछ। बालबालिकाको सर्वोत्तम हित निर्धारणका लागि उनको राष्ट्रियता, पालनपोषण, जातीय, सांस्कृतिक र भाषिक पृष्ठभूमि, तथा बिशेष जोखिम र संरक्षणको आबश्यकता लगायतका पहिचानको स्पष्ट र समष्टिगत मूल्याङ्कन गर्नु पर्नेछ।

(ङ) **सहभागिताको अधिकार :** आफ्नो धारणा बनाउन सक्ने बालबालिकालाई उनीहरूलाई असर गर्ने सबै बिषयमा खास गरी आफ्नो देशमा फर्किने सम्बन्धमा कानूनी प्रक्रिया, निर्णय प्रक्रिया र दिगो समाधानको कार्यान्वयन लगायतका सबै बिषयमा बिचार व्यक्त गर्ने अधिकार हुनेछ। उनीहरूको उमेर र परिपक्वतालाई आधार मानी बालबालिकाको मनसाय बुझ्नु पर्नेछ र त्यसलाई सम्मान गर्दै उपयुक्त स्थान दिनु पर्नेछ। बालबालिकालाई असर गर्ने कुनै पनि अदालती र प्रशासनिक प्रक्रियामा प्रत्यक्ष रूपमा वा प्रचलित कानून बमोजिम उनीहरूको प्रतिनिधि वा उपयुक्त संस्था मार्फत आफ्नो बिचार राख्ने अवसर दिनु पर्नेछ। बेचबिखनबाट पीडित/प्रभावित बालबालिकाको सन्दर्भमा स्वदेशफिर्ति प्रक्रियाका सम्पूर्ण चरणहरूमा उनीहरूको लागि तयार पारिएको सुसूचित स्वीकृतिको फारम भराई उनीहरूको अनुमति लिनु पर्नेछ।

(च) **सुसूचित हुने अधिकार :** बालबालिकाको बिचार र इच्छा बुझी उनीहरूको सुसूचित स्वीकृतिका लागि बालबालिकालाई उनीहरूको अबस्था, संरक्षण संयन्त्र, हकहरू, र उपलब्ध सेवाहरू लगायत संचारको माध्यम, परिवारमा पुनर्मिलन वा फिर्ति र उत्पत्तिको मुलुकको अवस्था सम्बन्धी सबै सूचनाहरू उपलब्ध गराउनु पर्नेछ। यस्ता सूचनाहरू बारे हरेक बालबालिकाको परिपक्वता र बुझाईको स्तरलाई ध्यानमा राखी उपयुक्त तरिकाले सूचित गर्नु पर्नेछ। पीडित/प्रभावित बालबालिकाका प्रश्नहरूको जवाफ दिन वा शंका निवारण गर्न फिर्ति प्रक्रियाका हरेक चरणमा आबश्यकता अनुसार दोभाषेहरू उपलब्ध गराउनु पर्नेछ र दोभाषे उपलब्ध गराउँदा निज बालबालिकासँग स्वीकृति लिनु पर्नेछ।

(छ) **संरक्षित हुने अधिकार :** बालबालिकालाई स्वदेशफिर्तिको क्रममा निजको अधिकार र आवश्यकता अनुसार संरक्षण गर्नु सम्बन्धित सबैको दायित्व हुनेछ। सरकारी सुरक्षा निकायहरू तथा सम्पर्क निकाय लगायत सहयोगी संस्थाहरूले बालबालिकालाई आबश्यक संरक्षण र सहायता उपलब्ध गराई उनीहरूको सुरक्षालाई सुनिश्चित गर्नु पर्नेछ।

(ज) **उमेरको अनुमान :** कुनै पीडित/प्रभावित व्यक्तिको उमेरको टुङ्गो नलागेको तर उक्त व्यक्ति बालबालिका नै हो भन्ने बिश्वास गर्ने आधारहरू भएको अबस्थामा, सो व्यक्तिलाई बालबालिका सरह नै ब्यवहार गर्नु पर्नेछ।

(झ) **गोपनीयताको अधिकार :** प्रभावित बालबालिका र तिनका परिवारहरूको सुरक्षा सुनिश्चित गर्न र तिनीहरूको गोपनीयता तथा पहिचानको रक्षा गर्न सबै उपायहरू अबलम्बन गरिनु पर्नेछ। परिवारको पहिचान र जोखिम मापन गर्दा बालबालिका कुनै पनि प्रकारको जोखिममा नपर्ने गरी वा उनीहरूको सुरक्षामा खलल नहुने गरी

उपयुक्त र भरपर्दो उपायहरू अवलम्बन गर्नु पर्नेछ। बालबालिकाका व्यक्तिगत घटना विवरण र कागजातहरूको गोपनीयता कायम हुने हिसाबले संरक्षण गर्नु पर्नेछ। बालबालिका अथवा उनको परिवारका सदस्यहरूलाई जोखिममा पार्न सक्ने सूचनाहरू कुनै पनि हालतमा बाहिर ल्याउनु हुँदैन।

(ञ) **दिगो समाधानका लागि प्रयास :** पीडित/प्रभावित बालबालिकाको स्वदेशफिर्तिका लागि सुरक्षित तथा दिगो समाधानका उपायहरूलाई प्रवर्द्धन गर्न र बालबालिकाका सम्पूर्ण अधिकारहरू सुनिश्चित गर्न उनीहरूसँग सम्बन्धित हरेक निर्णय व्यक्तिगत घटनाको मूल्याङ्कनका आधारमा र उनीहरूको पूर्ण सहभागितामा गर्नु पर्नेछ। अधिकारमुखी अवधारणा र बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तलाई सुनिश्चित गर्नका लागि दिगो समाधान सम्बन्धी निर्णय गर्दा जोखिममा परेका बालबालिकाहरूको अधिकारहरू बारे उपयुक्त सन्तुलन कायम गर्नु पर्नेछ। पीडित/प्रभावित हरेक बालबालिकालाई उनको सर्वोत्तम हितका आधारमा उपयुक्त समाधान निर्धारण गर्न उनको घटनाको व्यक्तिगत तवरमा मूल्याङ्कन गराउन पाउने हकको सुरक्षा गर्नु पर्नेछ।

(ट) **द्रूत पुनर्मिलन सेवा :** पीडित/प्रभावित बालबालिकाको स्वदेशफिर्ति र पुनःएकीकरणका लागि कार्यरत सरोकारवालाहरूले पुनःएकीकरण सम्बन्धी योजनाका सबै प्रक्रियाहरू पुरा गर्न र कुनै प्रकारको अनावश्यक ढीलासुस्ती नहुने कुराको सुनिश्चतता गर्नु पर्नेछ। आफ्नो परिवारसँग बालबालिकाको पुनःएकीकरण वा बैकल्पिक ब्यबस्था छिटो भन्दा छिटो गर्न स्वदेशफिर्ति प्रक्रियालाई छिटो छरितो गर्नु पर्नेछ। तर यस प्रक्रियामा बालबालिकाको सुरक्षा चासोमा खलल हुने गरी कुनै पनि सम्झौता गर्न हुँदैन।

(ठ) **पारिवारिक जोखिम मुल्याङ्ककन :** पीडित/प्रभावित बालबालिकाहरूलाई उनीहरूको स्वदेशफिर्ति प्रक्रियासँगै परिवारसँग पुनर्मिलन गराउनु उनीहरूको सर्वोत्तम हितको पक्षमा रहेको वा नरहेको भन्ने बारे पारिवारिक जोखिम मुल्याङ्कन गर्नु पर्नेछ। सो मूल्याङ्कनका आधारमा कुनै बालबालिकाका लागि पारिवारिक वातावरण बालबालिकाको पक्षमा छ वा छैन र बालबालिका पुनः बेचबिखनमा पर्न सक्ने जोखिम छ वा छैन भन्ने कुराको समेत लेखाजोखा गर्नु पर्नेछ।

(ड) **अन्तिम प्रयासका रूपमा संस्थागत हेरचाह :** कुनै प्रभावित बालबालिकालाई स्वदेशफिर्ति गर्दा उनको परिवारसँग पुनर्मिलन गराउनु उनीहरूको सर्वोत्तम हितको पक्षमा नरहेको अवस्थामा परिवारमा आधारित हेरचाहका अन्य विकल्पहरू (जस्तै आफन्तबाट अथवा नातेदार बाहिरका परिवारबाट बालबालिकाको हेरचाह वा संरक्षणको सम्भावना) खोज्नु पर्नेछ। साना परिवार, सामूहिक परिवार वा स्वतन्त्र आवास जस्ता विकल्पहरूको संम्भावनाको खोजी पनि गर्न सकिनेछ। बैकल्पिक पारिवारिक

हेरचाहका लागि अन्य कुनै उपाय नरहेको अवस्थामा मात्र बालबालिकालाई संस्थागत हेरचाहका लागि बाल गृहहरूमा प्रेषण गर्नु पर्नेछ । यसरी आवासीय हेरचाहका लागि प्रेषित बालबालिकाका सम्बन्धमा बाल गृहहरूले पुनर्मिलन तथा पुनःएकिकरणका लागि सम्भब भए सम्मका प्रयासहरू गर्नु पर्नेछ ।

**३०. स्वदेशफिर्तिका लागि विभिन्न निकाय र संस्थाहरूको दायित्व :**

पीडित/प्रभावितहरूलाई स्वदेशफिर्ति गर्ने सम्बन्धी कार्यमा विभिन्न निकाय तथा संस्थाहरूले प्राप्त गरेको जिम्मेवारी अनुसार दायित्व निर्वाह गर्नु पर्नेछ ।

**३१. अभिलेखीकरण :**

(१) स्वदेशफिर्ति कार्यमा संलग्न सरोकारवाला निकायहरूले अनुसूची (२) मा दिएको नमुना अनुसार स्वदेशफिर्ति गरिएका पीडित/प्रभावितहरूको अभिलेख जनाई एक प्रति आफ्नै निकायमा राखी अर्को प्रति निज पीडित/प्रभावित ब्यक्तिसँगै प्रेषण गरिएको निकाय वा संस्थामा पठाउनु पर्नेछ ।

(२) स्वदेशफिर्ति गरिएका पीडित/प्रभावितहरूको अभिलेख राख्दा गोपनीयताको सिद्धान्तलाई अपनाउनु पर्नेछ ।

(३) पीडित/प्रभावितहरूको सर्वोत्तम हितलाई ध्यानमा राखी सरोकारवाला निकाय र अन्य सहयोगी संयन्त्रहरूलाई आवश्यकता अनुसार उनीहरूको विवरण उपलब्ध गराउन सकिने छ । तर, यसरी उपलब्ध गरिएका विवरणहरूलाई पीडित/प्रभावितहरूको सर्वोत्तम हितको पक्षमा मात्र उपयोग गर्नु पर्नेछ र सूचना सम्प्रेषण गर्दा प्रभावितको ब्यक्तिगत पहिचानलाई कुनै पनि अवस्थामा गोप्य राख्नु पर्नेछ ।

## परिच्छेद ५

# हेरचाह तथा संरक्षण सेवा

३२. **पीडित/प्रभावितहरूको अवस्थाको पहिचान :**

(१) **प्रमाणीकरण र भर्ना प्रक्रिया :**

(अ) ऐन तथा नियमावलीको अधिनमा रही पीडित/प्रभावित व्यक्तिको प्रमाणिकरण गर्ने दायित्व सम्बन्धित जिल्ला समिति तथा विभिन्न सरोकारवाला संघ संस्थाहरुको सिफारिशमा महिला तथा बालबालिका कार्यालयले गर्नु पर्नेछ ।

(आ) अनुसूचि १ मा दिइएको नमुना बमोजिम महिला तथा बालबालिका कार्यालयले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित ब्यक्तिहरूको प्रमाणिकरण गरी त्यसको एक प्रति सम्बन्धित ब्यक्तिलाई र अर्को प्रति कार्यालयमा अभिलेखका लागि गोप्य ढङ्गले राख्नु पर्नेछ ।

(इ) पुनर्स्थापना केन्द्र, प्रहरी कार्यालय, अदालत, उद्धारस्थल लगायत पीडित/प्रभावित व्यक्ति सम्पर्कमा आउने अन्य कुनै पनि स्थानमा पीडित/प्रभावित व्यक्तिलाई सहज हुने हिसावले प्रमाणिकरण गर्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

(ई) जिल्ला समितिले प्रमाणिकरणका लागि सिफारिश गर्दा बिभिन्न सरोकारवाला संस्थाहरूबाट प्राप्त अभिलेख तथा सूचनालाई आधार मान्नु पर्नेछ ।

(उ) महिला तथा बालबालिका कार्यालयले पीडित/प्रभावितहरूको प्रमाणिकरण गर्दा देहायको बिधि अपनाउनु पर्नेछ :

(१) प्रमाणिकरण गर्न सुरक्षित स्थानमा गोपनीय ढङ्गबाट छोटो अर्न्तवार्ता लिने,

(२) मानव बेचबिखन नियन्त्रण जिल्ला समितिको  सिफारिसलाई मुख्य आधार मान्ने,

(३) प्रमाणिकरण नहुँदा सम्म सेवा प्रदायक संस्थाहरूबाट संस्थामा रहेका अन्य पीडित/प्रभावित सरह हेरचाह तथा सुरक्षा सेवा प्रदान गर्न लगाउने,

(४) प्रमाणिकरणको अवस्थामा पीडित/प्रभावित व्यक्तिहरू देहायका अवस्थामा रहेछन् भने सो समेत बुझाउने गरी विवरणमा जनाउने :

- बालबालिका,
- अपाङ्गता भएको ब्यक्ति : (१) शारिरिक तथा मानसिक अपाङ्गता भएका, (२) सामाजिक तथा शारिरिक बाधाको कारणले सामान्य जीवन बिताउन नसकेको अवस्था,

- बिशेष अवस्था : गर्भवती तथा सुत्केरी महिला, आकस्मिक सेवा आवश्यक परेको समूह, संक्रमणबाट सिकिस्त भएको अवस्था,
- पीडित/प्रभावितहरू माथि आश्रित बालबालिका भएको अवस्था ।

(२) **अवस्था लेखाजोखा :** पीडित/प्रभावित व्यक्तिको प्रमाणिकरण पश्चात निजको शारिरिक, मानसिक, सामाजिक अवस्था, सुरक्षा चासो, आधारभूत आवश्यकता, आवासीय हेरचाह, सीप बिकास तालिम, पारिवारिक पुनर्मिलन र सामाजिक पुनस्थार्पनाको स्थिति बारे पीडित/प्रभावितहरूको अवस्था, इच्छा र आवश्यकता अनुसार कुन कुन सेवा दिन आवश्यक छ र पहिला कुन सेवा शुरू गर्ने सो अवस्थाको लेखाजोखा गर्नु पर्नेछ । यसरी लेखाजोखा गर्दा देहायका बुँदाहरूलाई ध्यान दिनुपर्नेछ ।

(अ) शान्त तथा सुरक्षित वातावरणमा अवस्थाको लेखाजोखा गर्ने,

(आ) महिलालाई महिलाद्वारा र पुरूषलाई पुरूषद्वारा अवस्थाको लेखाजोखा गर्ने,

(इ) बालबालिकाको हकमा बालमनोबैज्ञानिक वा मनोसामाजिक कार्यकर्ताद्वारा अवस्थाको लेखाजोखा गर्ने,

(ई) मामला पूर्ण रूपमा व्यवस्थापन नभए सम्म यो प्रक्रियालाई निरन्तरता दिने ।

(३) **मामला ब्यवस्थापन योजना :** लेखाजोखाबाट प्राप्त नतिजाको आधारमा देहाय बमोजिम मामला ब्यवस्थापनको योजना बनाउनु पर्नेछ ।

(अ) पीडित/प्रभावितलाई तत्काल आवश्यकता भएको सेवाको पहिचान गरी त्यसपछि आवश्यक अन्य सेवाहरूलाई ध्यानमा राखी योजना बनाउने,

(आ) प्रेषण गरिनुपर्ने देहायका सेवाहरूको विस्तृत योजना बनाउने, जस्तै :

- परिवारमा पुनर्मिलन र पुनःएकीकरण,
- कानूनी सहायता,
- मनोविमर्श,
- स्वास्थ्य उपचार,
- आवासीय हेरचाह,
- शिक्षा तथा सीप मुलक तालिम
- बीउ पूँजी
- रोजगारीको व्यबस्था,
- सामाजिक पुनर्स्थापना आदि ।

(इ) स्थानीय स्तरमा उपलब्ध सेवा प्रदायक तथा सञ्जालहरूको पहिचान गर्ने,

(ई) स्थानीय स्तरमा उपलब्ध नहुने सेवाहरूको बारे सम्प्रेषण गरिनुपर्ने स्थानहरूको पहिचान गर्ने,

३३. **आन्तरिक प्रेषण सेवाको आवश्यकता पहिचान :**

(१) पीडित/प्रभावितहरूका लागि देहायका उपदफा (२) र (३) बमोजिम दुई चरणमा हेरचाह तथा संरक्षण सेवाको आवश्यकतालाई पहिचान गरी पीडित/प्रभावितहरूको व्यक्तिगत आवश्यकता र इच्छा अनुसार सरोकारवाला निकाय तथा संस्थाहरूले आफूले प्रवाह गर्ने सेवा सरल, सहज, निष्पक्ष र निशुल्क रूपमा उपलब्ध गराउनु पर्नेछ र आफू कहाँ उपलब्ध नहुने सेवाहरूका लागि सेवा उपलब्ध हुने निकाय र संस्थाहरूमा सम्प्रेषण गर्नु पर्नेछ।

(२) **प्राथमिक हेरचाह तथा संरक्षण सेवा र प्रेषण सिफारिश**

(अ) **स्वास्थ्य उपचार :** पीडित/प्रभावित व्यक्तिहरूको शारीरिक तथा मानसिक समस्यालाई सम्वोधन गर्न देहाय अनुसार स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ :

(१) **अनिवार्य परिक्षण :** उद्धार र स्वदेशफिर्ति गरिएको एक हप्ताभित्रमा अनिवार्य रूपमा स्वास्थ्य परिक्षण (screening test) गराउनु पर्नेछ।

(२) **आकस्मिक स्वास्थ्य सेवा :** तत्कालै उपचार गराउनु पर्ने स्वास्थ्य समस्याबाट ग्रसीत वा संक्रमित पीडित/प्रभावित व्यक्तिहरूलाई आकस्मिक उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य सेवा केन्द्रमा तुरून्तै सम्प्रेषण गर्ने।

(३) **निरन्तर स्वास्थ्य सेवा :** पीडित/प्रभावित व्यक्तिहरूलाई उनीहरू रहने संरक्षण गृह वा पुनर्स्थापना केन्द्रमा निरन्तर स्वास्थ्य सेवा प्रदान गर्ने।

(४) **संक्रमितहरूको उपचार :** HIV/AIDS, HSV, TB, STI बाट संक्रमीतहरूका लागि सोही अनुरूप सेवा उपलब्ध हुने अस्पताल वा स्वास्थ्य केन्द्रहरूमा सम्प्रेषण गर्ने र यस अवस्थाको संक्रमितहरूलाई विशेष हेरचाह पुऱ्याउने।

(५) **अनुगमन उपचार :** स्वास्थ्य लाभ हासिल गरेका विशेष गरी कडा रोग/संक्रमण लागेका पीडित/प्रभावितहरूका बारे नियमित अनुगमन उपचार (follow-up treatment) गर्ने गराउने।

(६) **जानकारी दिने :** स्वास्थ्य सेवा प्रदान गर्ने सरोकारवालाहरूले प्रभावित व्यक्तिलाई स्वास्थ्य सम्बन्धी सम्पूर्ण जानकारी गराउने ।

(७) **सेवामा निःशुल्कता :** जिल्ला स्वास्थ्य कार्यालय मार्फत पीडित/प्रभावितहरू निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(आ) **मनोविमर्श :**

(१) पीडित/प्रभावितहरूलाई उनीहरूको अवस्था र आवश्यकता हेरी सेवा प्रदायकहरूले अनिवार्यरूपमा मनोविमर्श सेवा प्रदान गर्नु पर्नेछ ।

(२) आफ्नो संस्थामा यस्तो सेवा उपलब्ध नभएमा नजिकको मनोविमर्श सेवा पुऱ्याउने संघ संस्थाबाट निशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ ।

(३) यस्तो सेवा कम्तिमा मान्यता प्राप्त विश्वविद्यालयबाट मनोबिज्ञान अध्ययन गरी शैक्षिक प्रमाणपत्र प्राप्त वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि बिषय अध्ययन गरी शैक्षिक प्रमाणपत्र प्राप्त गरी मनोबिमर्श सम्वन्धि ६ महिने तालिम प्राप्त मनोविमर्शकर्ताद्वारा मात्र उपलब्ध गराउनु पर्नेछ ।

(इ) **कानूनी सहायता :**

(१) पीडित/प्रभावितहरूलाई उनीहरूको अवस्था र आवश्यकता हेरी सेवा प्रदायकहरूले मामला वा घटना दर्ता देखि अदालती सम्पूर्ण प्रक्रियाहरुमा निःशुल्क कानूनी सहायता प्रदान गर्नु पर्नेछ ।

(२) पीडित/प्रभावितहरूलाई घट्ना दर्ता देखि अदालती सम्पूर्ण प्रक्रियामा आवश्यक पर्ने कानूनी सहायताका लागि महिला तथा बालबालिका कार्यालयले आवश्यकता अनुसार जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला स्रोत समूह, जिल्ला बार इकाई र यस क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्थाहरूसँग सहयोग र समन्वय गर्नु पर्नेछ । साथै सम्पूर्ण प्रक्रियामा सम्भव भएसम्म कानुन व्यबसायीको उपस्थितिमा यी प्रक्रियाहरु अगाडि बढाउनु पर्नेछ ।

**(ई) उजुरी, जाहेरी दरखास्त र अनुसन्धान :**

(१) मानव बेचबिखन तथा ओसारपसारका घटनाका बारे ऐन तथा नियमावलीमा व्यवस्था भए अनुरूप पीडित/प्रभावितका तर्फबाट लिखित तथा मौखिक उजुरी र जाहेरी दर्खास्त दर्ताका लागि प्रहरी कार्यालयहरूमा महिला तथा बालबालिका सेवा केन्द्रले पीडित/प्रभावित मैत्री वातारणमा सरल र सहज पहुँच उपलब्ध गराउनु पर्नेछ ।

(२) प्रहरी कार्यालयहरूमा महिला तथा बालबालिका सेवा केन्द्रले उजुरी र जाहेरी दर्खास्त दर्तादेखि अनुसन्धान तथा अभियोजन प्रक्रियासम्म विशेषज्ञता प्राप्त इकाईका रूपमा प्रमुख भूमिका निर्वाह गर्नु पर्नेछ ।

(३) नेपाल प्रहरीले महिला तथा बालबालिका सेवा केन्द्रले कसरी पीडित/प्रभावित मैत्री भई जाहेरी दर्खास्त लिने र अनुसन्धान गर्ने भन्ने बारे एक छुट्टै कार्यविधि बनाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नु पर्नेछ ।

**(उ) अभियोजन तथा अदालती प्रक्रिया :**

(१) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा पीडित/प्रभावितहरूका लागि छिटो, सरल र प्रभावकारी रूपमा न्यायमा पहुँच दिलाउनको लागि अदालतहरूले संक्षिप्त कार्यविधिको (Fast-track Court) र बन्द इजलाशको अवधारणा सहित न्याय सम्पादन गर्नु पर्नेछ ।

(२) न्यायलयहरूले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाही बारे एक छुट्टै कार्यसञ्चालन विधि बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

**(३) द्वितीय हेरचाह तथा संरक्षण सेवा र प्रेषण सिफारिश :**

**(अ) शिक्षा** :

(१) पीडित/प्रभावितहरूलाई उनीहरूको अवस्था र आवश्यकता हेरी सेवा प्रदायकहरूले अनिवार्यरूपमा शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु पर्नेछ ।

(२) पीडित/प्रभावित व्यक्तिहरूको इच्छा, स्तर र आवश्यकता अनुसार सेवा प्रदायकहरूले निशुल्क रूपमा औपचारिक तथा अनौपचारिक शिक्षा प्राप्त गर्ने ब्यवस्था गर्नु पर्नेछ ।

(३) बालबालिकाहरूको हकमा औपचारिक शिक्षा अनिवार्य उपलब्ध गर्नु पर्नेछ ।

(४) महिला तथा बालबालिका कार्यालयले पीडित/प्रभावितहरूको स्तर र इच्छा हेरी औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्न जिल्ला शिक्षा कार्यालयसँग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(५) बिभिन्न निकाय तथा संस्थाहरूद्धारा सञ्चालित शिक्षा सम्बन्धी अनुदान तथा छात्रबृत्तिहरूमा पीडित/प्रभावितहरूलाई समावेश गर्ने

नीति अवलम्बन गर्नु पर्नेछ। यसको लागि महिला तथा बालबालिका कार्यालयलले समन्वय गरी व्यवस्था गर्नु पर्नेछ।

(आ) **सीपमूलक तालिम :**

(१) पीडित/प्रभावितलाई हेरचाह र संरक्षण सेवा प्रदान गर्ने संरक्षण गृहले पीडित/प्रभावित व्यक्तिहरूको अवस्था, इच्छा र आवश्यकतालाई मध्यनजर गरी व्यवहारिक र रोजगारमुलक सीपमुलक तालिम प्रदान गर्नु पर्नेछ।

(२) यसप्रकारको तालिम कार्यक्रम बनाउँदा, जिल्ला समिति, जिल्ला साना घरेलु उद्योग कार्यालय र महिला तथा बालबालिका कार्यालयसँग समन्वय र परामर्श गरी अन्य संघ संस्थाको सहयोग लिनु पर्नेछ।

(३) पीडित/प्रभावितहरूको आवश्यकता, इच्छा र क्षमता फरक फरक हुने कुरालाई ध्यानमा राखी तालिम कार्यक्रम संयोजन गर्दा बहुनिकाय तथा संस्थाहरूको सहयोग र सहकार्यलाई प्रवर्द्धन गर्नु पर्नेछ।

(इ) **बीउ पूँजी :**

(१) सीपमुलक तालिम प्राप्त गरिसकेपछि पीडित/प्रभावितहरूलाई स्वरोजगारका लागि प्रोत्साहन गर्नु पर्नेछ। यदि रोजगारी प्राप्त हुने अवस्था नभएमा वा आफ्नै कुनै व्यवसाय शुरू गर्न इच्छुक भएमा पीडित/प्रभावित व्यक्तिहरूलाई बीउ पूँजी उपलब्ध गराउनु पर्नेछ।

(२) सेवा प्रदान गर्ने सरोकारवालाहरूले सकेसम्म पुनर्स्थापना कोषबाट बीउ पूँजी उपलब्ध गराउनु पर्नेछ। पुनर्स्थापना कोषबाट चालू कोष (Revolving Fund) का रूपमा बीउ पूँजी उपलब्ध गराउने सम्बन्धमा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका अनुसार गर्नु पर्नेछ।

(३) यसरी पुनर्स्थापना कोषबाट चालू कोष (Revolving Fund) का रूपमा उपलब्ध गराइने बीउ पूँजी पीडित/प्रभावितहरूको हैसियत र अवस्थालाई हेरी फिर्ता गर्न नपर्ने, निर्ब्याजी वा सहुलियत दरमा ऋण स्वरूप उपलब्ध गराउनु पर्नेछ।

(४) माथि (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि पुनर्स्थापना कोषमा रकम पर्याप्त नरहेको अवस्थामा सेवा प्रदायक संस्थाले आफ्नो बजेट मार्फत वा अन्य बैङ्क तथा बित्तीय संस्थासँग समन्वय गरी त्यस्तो निर्ब्याजी वा सहुलियत दरमा बीउ पूँजी उपलब्ध गराउन सक्नेछ।

३४. **मुख्य सम्पर्क बिन्दु :**

प्रत्येक जिल्लामा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षण सेवा प्रदान गर्नका लागि जिल्लामा गठन भएको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति मुख्य सम्पर्क बिन्दूका रूपमा कार्यरत रहनु पर्नेछ। हेरचाह तथा संरक्षण सेवा प्रदान गर्ने कार्यमा स्थानीय तहमा जिल्ला समितिले स्थानीय समितिलाई पनि परिचालन गर्न सक्नेछ।

३५. **मुख्य सम्पर्क निकाय :**

दफा ३४ अनुसार जिल्लामा पीडित/प्रभावितहरूलाई हेरचाह तथा संरक्षण सेवा उपलब्ध गराउने कार्यमा जिल्ला समितिका लागि सचिवालयको हैसियतले कार्य गर्ने जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयले मुख्य सम्पर्क निकायको भूमिका निर्वाह गर्नु पर्नेछ।

३६. **महिला विकास अधिकृतको दायित्व :**

पीडित/प्रभावितहरूलाई हेरचाह तथा संरक्षणमा जिल्ला समितिको सचिव तथा जिल्ला बाल कल्याण अधिकारीका रूपका कार्यरत महिला विकास अधिकृतले मुख्य समन्वयकर्ता/सहज कर्ता/सहयोगकर्ता र अनुगमनकर्ताको भूमिका निर्वाह गर्नु पर्नेछ।

३७. **संरक्षण अधिकृतको ब्यवस्था :**

(१) घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६६ अनुसार जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयमा व्यबस्था भएको महिला संरक्षण अधिकृतले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका हकमा समेत सम्पर्क व्यक्तिको भूमिका निर्वाह गर्नु पर्नेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि पीडित/प्रभावित बालबालिकाहरूको हकमा जिल्लामा कार्यरत बाल अधिकार अधिकृतहरूले सम्पर्क व्यक्तिको रूपमा कार्य गर्नु पर्नेछ।

(३) महिला संरक्षण अधिकृत तथा बाल अधिकार अधिकृतहरूले जिल्ला समिति, महिला तथा बालबालिका कार्यालय र महिला विकास अधिकृतहरूलाई पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षण कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु उनीहरुको कर्तव्य हुनेछ।

(४) महिला संरक्षण अधिकृत र बाल अधिकार अधिकृतले महिला तथा बालबालिका कार्यालय अन्तर्गत रही मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति, जिल्ला बाल कल्याण समिति, स्थानीय निकायहरू लगायत अन्य सेवा प्रदायक सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरूसँग निकट सम्पर्क र समन्वयमा रही कार्य गर्नु पर्नेछ।

(५) जिल्लामा कार्यरत महिला संरक्षण अधिकृत तथा बाल अधिकार अधिकृतहरूलाई पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षण प्रणालीका आधारभुत विषयहरूमा राष्ट्रिय समिति वा जिल्ला समिति वा राष्ट्रिय समिति/जिल्ला समितिले तोकेको व्यक्ति वा निकायले प्रशिक्षण तथा अभिमूखीकरण तालिम दिनु पर्नेछ ।

३८. **अन्य सहयोगी निकाय तथा संस्थाहरू :**

(१) जिल्लामा पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षण सेवा प्रवाहमा मुख्य सम्पर्क विन्दू, सम्पर्क निकाय तथा सम्पर्क व्यक्तिहरूलाई आवश्यक सहयोग पुऱ्याउनु देहायका उपदफा (२), (३), (४) र (५) बमोजिम अन्य सरोकारवाला सहयोगी सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरुको कर्तव्य हुनेछ ।

(२) **जिल्ला प्रहरी कार्यालयको भूमिका** :

(अ) सबै जिल्लाका जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्दले बेचबिखन तथा ओसारपसारवाट बाट पीडित/प्रभावित व्यक्तिहरूको लागि सुरक्षा निकायको तर्फबाट सम्पर्क बिन्दुका रूपमा काम गर्नु पर्नेछ ।

(आ) महिला तथा बालबालिका सेवा केन्द्रहरूमा महिला प्रहरी अधिकृतलाई केन्द्र प्रमुखको जिम्मेवारी दिनुका साथै आवश्यक सँख्यामा अन्य महिला प्रहरीहरूको व्यवस्था गर्नु पर्नेछ ।

(इ) सबै प्रहरी कार्यालयहरुले मानव बेचबिखन तथा ओासारपसारवाट प्रभावित व्यक्तिहरूका लागि आवश्यक सुरक्षा सेवा प्रदान गर्ने उजूरी लिने, अनुसन्धान गर्ने र सुरक्षा प्रदान गर्ने लगायतका सेवा प्रदान गर्दा अन्य सेवा प्रदायकहरूसँग पनि समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(ई) महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत रहने प्रहरी कर्मचारीहरूलाई मानव अधिकार, महिलाअधिकार, बालअधिकार, महिला तथा बालबालिकाहरूको हेरचाह तथा संरक्षणका सवालहरू, मनोविमर्श, कानूनी उपचार, उजुरी दर्ता र अनुसन्धानका विषयहरूमा तालिम दिने व्यवस्था गर्नु पर्नेछ ।

(उ) खण्ड (ई) बमोजिमको सेवा प्रदान गर्दा अपनाउनु पर्ने कार्यप्रक्रियाबारे नेपाल प्रहरी आफैले निर्देशिका बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

**(३) जिल्ला स्वास्थ्य कार्यालयको भूमिका :**

(अ) बेचबिखन तथा ओसारपसार पीडित/प्रभावित व्यक्तिहरूको स्वास्थ्य हेरचाह तथा उपचारको आवश्यकतालाई ध्यानमा राखी प्रत्येक जिल्लामा स्वास्थ्य कार्यालयले बिशेषज्ञता प्राप्त इकाई खडा गर्नु पर्नेछ ।

(आ) खण्ड (अ) बमोजिमको इकाई सञ्चालनका लागि जिल्ला स्वास्थ्य कार्यालयले आवश्यक संख्यामा पीडित/प्रभावितहरूको हेरचाह गर्ने बारे तालिम प्राप्त महिला स्वास्थ्य कर्मीहरू रहने व्यवस्था गर्नु पर्नेछ।

(इ) बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने कार्य प्रक्रियाबारे स्वास्थ्य सेवा विभागबाट निर्देशिका बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(ई) स्वास्थ्य सेवा प्रदान गर्ने निकाय तथा संस्थाहरूले मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावित व्यक्तिहरूका लागि सेवा प्रदान गर्ने अन्य सेवा प्रदायकहरूसँग पनि समन्वय र सहकार्य गर्नु पर्नेछ।

(उ) जिल्ला स्वास्थ्य कार्यालयले आफनो जिल्ला भित्र भएका पिडीत/प्रभावितहरुलाई निःशुल्क स्वास्थ्य सेवा र परिक्षण सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) **अन्य सेवा प्रदायकहरूको भूमिका :**

(अ) मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावितहरूका लागि आवश्यकता अनुसार मनोबैज्ञानिक तथा मनोविमर्श सेवा, कानूनी सहायता, सीपमुलक तालिम, शिक्षा, बीउ पूँजी, रोजगारीका अवसर आदि बारे सेवा प्रदान गर्ने सरकारी तथा गैर सरकारी संस्थाहरूले प्रभावकारी सेवा प्रदान गर्नु पर्नेछ।

(आ) खण्ड (क) बमोजिम सेवा प्रदानका लागि खडा भएका संस्थाहरूले सेवा प्रदान गर्दा अन्य सेवा प्रदायकहरूसँग पनि समन्वय र सहकार्य गर्नु पर्नेछ।

(इ) संस्थाहरूको आ–आफ्नो दायित्व बमोजिम कार्य सञ्चालन प्रक्रिया र आचार संहिता सहितको निर्देशिका बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(ई) सेवा प्रदायक संस्थाहरूमा कार्यरत कर्मचारीहरू सम्बन्धित विषयमा ज्ञान भएको र तालिम प्राप्त हुनु पर्नेछ।

(५) **स्थानीय निकायहरूको भूमिका :**

(अ) जिल्ला तथा स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसारका घटनाबाट पीडित/प्रभावितहरूको समय समयमा लेखाजोखा गर्नु पर्नेछ। साथै पीडित/प्रभावितहरूको लागि प्रवाह हुने हेरचाह तथा संरक्षण सेवाका सम्बन्धमा समय समयमा अनुगमन गरी स्थिति बारे लेखाजोखा गर्नु पर्नेछ।

(आ) स्थानीय निकाय अनुदान कार्यक्रम अन्तर्गत मानव बेचबिखन तथा ओसारपसारका घटनाबाट पीडित/प्रभावितहरूका लागि लक्षित हेरचाह तथा संरक्षण सेवामा योगदान पुऱ्याउनु पर्नेछ।

(इ) पुनर्स्थापना केन्द्र सञ्चालन लगायत अन्य सेवा प्रदायक संस्थाहरूबाट माग भएका बखत यथासक्य सहयोग उपलब्ध गराउनु स्थानीय निकायको दायित्व हुनेछ ।

३९. **अनुगमन :**

(१) सबै सेवा प्रदायकहरूले आफूले प्रबाह गरेका सेवाको प्रभावकारिताका सम्बन्धमा निरन्तर अनुगमन गर्नु पर्नेछ ।

(२) सेवा प्रदायकहरूको काम कार्वाहीका सम्बन्धमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय तथा जिल्ला समितिहरू, मन्त्रालय, विभाग र अन्य सरोकारवाला सरकारी कार्यालयहरूले नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) अनुगमन गर्ने ब्यक्ति वा निकायले अनुगमन पश्चात प्रतिवेदन तयार गरी अनिवार्य रुपले त्यसको अभिलेख राख्नु पर्नेछ ।

(४) अनुगमनबाट प्राप्त नतिजाहरूका बारे सरोकारवाला निकायहरूसँग सूचना आदानप्रदान गर्नु पर्नेछ ।

४०. **अभिलेखीकरण :**

(१) प्राथमिक तथा द्वितीय हेरचाह तथा संरक्षण सेवामा संलग्न सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूले आफूले प्रवाह गरेका सेवाका बारेमा अभिलेख दुरूस्त राखी आवश्यकता अनुसार सिफारिश गरिएका सरोकारवालाहरूसँग सूचना तथा जानकारी आदानप्रदान गर्नु पर्नेछ ।

(२) सरोकारवाला निकायहरूले सेवा प्रवाहका बारेमा आवश्यकता अनुसार अभिलेख अद्यावधिक गर्नुपर्दछ र पीडित/प्रभावितहरूलाई सम्प्रेषण गरिएका वखत एक प्रति साथै पठाउनु पर्नेछ ।

(३) प्रभावितहरूका बारेमा राखिने सबै अभिलेखहरू गोप्य रूपमा राखिनु पर्दछ र सम्बन्धित पीडित/प्रभावितको सहज पहुँचको सुनिश्चितता गर्नु पर्नेछ ।

(४) विभिन्न सरोकारवालाहरूले राख्नुपर्ने अभिलेखको ढाँचा अनुसूचि १ मा दिइएको छ ।

## परिच्छेद ६

# पुनर्स्थापना

४१. **पुनर्स्थापना केन्द्र :**

(१) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूलाई सुरक्षा र हेरचाह प्रदान गर्दा अन्य सेवा सँगसँगै पुनर्स्थापना गर्ने मुख्य उद्देश्यले आवश्यकता अनुसार जिल्ला समितिले जिल्लामा पुनर्स्थापना केन्द्रको स्थापना गर्नु पर्नेछ ।

(२) जिल्लामा जिल्ला समिति आफैले पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न नसक्ने अवस्था भएमा अन्य गैर सरकारी संघ संस्थालाई पुनर्स्थापना केन्द्र खोल्न, सञ्चालन गर्न सहयोग पुऱ्याउनु पर्नेछ ।

(३) जिल्लामा जिल्ला समिति वा अन्य गैर सरकारी संघ संस्थाले पनि पुनर्स्थापना केन्द्र सञ्चालनमा नल्याएको बखत नजिकको पायक पर्ने जिल्ला सँग समन्वय गरी पुनर्स्थापना केन्द्र सम्बन्धी सेवा पुऱ्याउनु पर्नेछ ।

(४) पुनर्स्थापना केन्द्रले पीडित/प्रभावित व्यक्तिको अवस्था र आवश्यकता हेरी तत्कालिन आवसीय सेवाहरू प्रदान गर्नु पर्नेछ ।

(५) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूलाई पुनर्स्थापना केन्द्रले ६ महिना भित्र परिवार तथा समुदायमा पुनरएकिकरण गराउन नसकेको बखत अन्य बैकल्पिक उपायको खोजी गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(६) जिल्लामा सरकारी तथा गैरसरकारी क्षेत्रबाट स्थापना भई सञ्चालनमा रहेका विभिन्न आवधिक संरक्षण गृह तथा पुनर्स्थापना केन्द्रहरू जिल्ला समितिमा आवद्ध भई महिला तथा बालबालिका कार्यालयको अधिन र निकटमा रही सेवा प्रदान गर्नु पर्नेछ ।

(७) जिल्लामा सरकारी तथा गैरसरकारी संघ संस्थाहरूबाट सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरूले एक अर्काको पुरकका रूपमा कार्य गर्नु पर्नेछ ।

४२. **पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका :**

राष्ट्रिय समितिले पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने तथा कोष व्यबस्थापन गर्ने सम्बन्धमा स्तरियता ल्याउन, एकरूपता कायम राख्न र अनुगमनलाई प्रभावकारी बनाउन एक छुट्टै निर्देशिकाको निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

४३. **पुनर्स्थापना केन्द्रमा भौतिक सुबिधा :**

पुनर्स्थापना केन्द्रहरूमा देहाय अनुसारका भौतिक सुविधाहरू हुनु पर्नेछ :

**(क) बहुउद्देश्यीय साझा कक्ष :** पीडित/प्रभावित व्यक्तिहरूलाई दैनिक कृयाकलाप लगायत आपतकालिन अवस्थामा सेवा प्रदान गर्ने, प्रभावित व्यक्ति, अन्य सहयोगी कर्मचारीसँगै बसेर सूचना आदानप्रदान गर्ने, अन्तर्क्रिया तथा अन्य मनोरञ्जनात्मक क्रियाकलाप गर्ने उद्देश्यका लागि एउटा साझा कक्षको व्यबस्था हुनु पर्नेछ ।

(ख) **कार्यालय कक्ष :** पीडित/प्रभावित व्यक्तिलाई मनोविमर्श प्रदान गर्ने, अन्तबार्ता लिने, स्वास्थ्य उपचार प्रदान गर्ने प्रशासनिक कार्य लगायत अन्य कृयाकलाप गर्ने उद्देश्यका लागि छुट्टा-छुट्टै कक्षको व्यबस्था हुनु पर्नेछ। साथै प्रशासनिक कक्षलाई अन्य सेवा भन्दा अलग रहने गरी व्यबस्था गर्नु पर्नेछ।

(ग) **सुत्ने तथा भान्सा कोठा :** पीडित/प्रभावित प्रत्येकको लागि अलग अलग बेड सहितको सुत्ने कोठा, सो कोठामा पीडित/प्रभावितकाको व्यक्तिगत सामानहरू साथैमा राख्ने गरी ब्यवस्था मिलाउनु पर्नेछ। पीडित/प्रभावितका साथ आश्रित बालबालिकाहरू छन् भने उनीहरूलाई समेत साथमा राख्ने ब्यवस्था गर्नु पर्नेछ र ती बालबालिकाका बिशेष आवश्यकताहरूलाई पर्याप्त ध्यान दिनु पर्नेछ। खाना खान र पकाउन मिल्ने छुट्टै भान्सा कोठा हुनुपर्ने छ।

(घ) **शौचालय तथा स्नान कोठा :** व्यक्तिगत सरसफाई तथा दैनिक प्रयोगको लागि पर्याप्त मात्रामा शौचालय तथा स्नान कोठाहरूको व्यबस्था हुनु पर्नेछ।

(ङ) **सुरक्षा :** पुनर्स्थापना केन्द्रको भौतिक परिसर प्रकोपबाट कम जोखिमयुक्त सुरक्षित स्थानमा रहेको हुनु पर्नेछ। सो केन्द्रहरूले आपतकालिन सुरक्षाका लागि आकस्मिक उपकरणहरू तयारी हालतमा राख्नु पर्नेछ र सबैलाई सू–सूचित गर्नु पर्नेछ। मानवीय सुरक्षाका लागि सुरक्षाकर्मीहरू सहितको पर्याप्त सुरक्षा ब्यवस्था गर्नु पर्नेछ।

४४. <u>हेरचाह सम्बन्धी सेवाहरू</u> :

पुनर्स्थापना केन्द्रहरूले पीडित/प्रभावितहरूको आवश्यकताको लेखाजोखाको निष्कर्षको आधारमा देहाय बमोजिमका सेवाहरू निशुल्क उपलब्ध गराउनु पर्नेछ :

(क) **आवासीय सेवा :** खाने, बस्ने र सुत्ने सुविधा,

(ख) **खाना :** कम्तिमा दैनिक तीन पटक पीडित/प्रभावित तथा आश्रित बालबालिकालाई पोषणयुक्त भरपेट खाना,

(ग) **लत्ता कपडा :** पीडित/प्रभावितको आवश्यकतालाई हेरी बढिमा सबैखालका (भित्रि बाहिरी गरेर) दुईजोर कपडा, सुत्केरी तथा महिनावारी भएका महिलाहरूलाई आवश्यक पर्ने लत्ता कपडा र आश्रित बालबालिकाका लागि समेत प्रभावित सरह आवश्यक लत्ता कपडा,

(घ) **स्वास्थ्य सेवा :** विभिन्न प्रकारका सरूवा रोग वा संक्रमण HIV/AIDS, HSV, क्षयरोग blood & urine लगायत अन्य सरूवा रोग) को परीक्षण तथा स्वास्थ्य सेवा,

(ङ) **कानूनी सेवा :** पीडित/प्रभावित ब्यक्तिलाई निजको अवस्था र आवश्यकतालाई हेरी आवश्यक कानूनी परामर्श तथा सेवा,

(च) **मनोविमर्श सेवा :** पीडित/प्रभावितलाई आवश्यकता अनुसार नियमित मनोबिमर्श सेवा,

(छ) **प्रेषण सेवा :** पुनर्स्थापना केन्द्रले पीडित/प्रभावित को आवश्यकता पहिचान गरी अन्य सेवा प्रदायकहरू समक्ष प्रेषण गर्नुपर्ने,

(ज) **पुनर्मिलन तथा भेटघाट :** पुनर्स्थापना केन्द्रले सम्भव भएसम्म पीडित/प्रभावितहरूको इच्छा र आवश्यकतालाई ध्यानमा राख्दै उनीहरू जन्मेको परिवारको पहिचान र मूल्याङ्कन गरी पुनर्मिलन तथा भेटघाट गराउन पहल गर्ने,

(झ) **पुनर्स्थापना र पुनःएकीकरण :** पुनर्स्थापना केन्द्रले सम्भव भएसम्म पीडित/प्रभावितहरूको इच्छा र आवश्यकतालाई ध्यानमा राख्दै पारिवारिक तथा सामाजिक पुनर्स्थापना र पुनःएकीकरणका लागि पहल गर्ने,

(ञ) **परिवारमा आधारित बैकल्पिक हेरचाह :** पुनर्स्थापना केन्द्रले पीडित/प्रभावितहरू विशेषगरी बालबालिकाहरूको हकमा उनीहरू आफू जन्मेको परिवारको पहिचान र मूल्याङ्कन गरी पुनर्मिलन, पुनर्स्थापना वा पुनःएकीकरण गर्न सम्भव नभएमा परिवारमा आधारित बैकल्पिक हेरचाहका लागि आवश्यक पहल गर्ने,

४५. **जनशक्ति :**

(१) पुनर्स्थापना केन्द्र सञ्चालनका लागि आवश्यक संख्यामा देहाय बमोजिमका जनशक्ति हुनु पर्नेछ :

(क) व्यबस्थापक (केन्द्र प्रमुख )

(ख) मनोविमर्शकर्ता

(ग) स्वास्थ्यकर्मी

(घ) सामाजिक कार्यकर्ता/घट्ना व्यबस्थापक

(ङ) वार्डेन

(च) सुरक्षा गार्ड

(२) पुनर्स्थापना केन्द्रले आवश्यकता अनुसार विशेषज्ञता प्राप्त चिकित्सक, मनोविमर्शकर्ता/मनोविज्ञ र कानून ब्यवसायीको सेवा समेत उपयोग गर्नु पर्नेछ ।

४६. **बालबालिकाहरूको पुनर्स्थापनाका लागि विशेष ब्यवस्था :**

बालबालिकाहरूको लागि शिक्षाको विशेष व्यवस्था गर्नु पर्नेछ । त्यसको साथ साथै स्वास्थ्य उपचार, मनोरञ्जन लगायतका विभिन्न सेवाहरूको विशेष व्यवस्था गर्नु पर्नेछ । बालक तथा बालिका (किशोर किशोरीहरू) लाई छुट्टाछुट्टै कक्षको व्यवस्था गर्नु पर्नेछ । यी सबै व्यबस्थाहरु बाल मैत्री वातावरणमा हुनु पर्नेछ ।

४७. **अभिलेखीकरण :**

(१) पुनर्स्थापना केन्द्रले पुनर्स्थापना केन्द्रबाट पुनर्स्थापना भई गएका पीडित/प्रभावित व्यक्तिको देहाय बमोजिम अभिलेख राख्नु पर्नेछ :

(क) पीडित/प्रभावित व्यक्तिको नाम दर्ता किताव ।

(ख) संरक्षित व्यक्तिको दैनिक हाजिरी किताव ।

(ग) पीडित/प्रभावित व्यक्तिको व्यक्तिगत गोप्य फाइल ।

(घ) संरक्षित व्यक्तिलाई गरिएको उद्धारको विवरण ।

(ङ) पारिवारिक पुनर्मिलनको सम्पूर्ण प्रक्रिया ।

(च) केन्द्रले उपलब्ध गराएको शिक्षा तथा तालिम ।

(छ) पीडित/प्रभावितको रूचि ।

(ज) पीडित/प्रभावितलाई उपलब्ध गराइएको स्वास्थ्य उपचार, मनोविमर्श तथा मनोचिकित्सा सेवा, कानूनी सहायता आदि

(झ) पीडित/प्रभावितमा आएको परिवर्तन र उत्प्रेरणाको विकासको विवरण (Case History) को अलग अलग विवरण ।

(ञ) जिल्ला समितिले तोके बमोजिमको अन्य लगत ।

(ट) दोहोरो लेखा प्रणालीमा पुनर्स्थापना केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात ।

(ठ) व्यवस्थापन समितिको निर्णय किताब ।

(२) उपदफा (१) बमोजिमको लगत एकमुष्ट अभिलेखिकरण गर्नु पर्नेछ ।

(३) अभिलेखिकरण गोप्य राखिनु पर्नेछ । अभिलेखिकरणको फाइलमा निजको नाम उल्लेख नगरीकन कोड मात्र उल्लेख गर्नु पर्नेछ । कोडको नामको फाइल बेग्लै बनाई कार्यालय प्रमुखसँग वा अभिलेखिकरण प्रमुख (Documentation Focal Person) को जिम्मामा राख्नु पर्नेछ ।

परिच्छेद ७

# पुनर्मिलन तथा पुन:एकीकरण

४८. **पुनर्मिलन सम्बन्धी प्रक्रिया :**

(१) पुनर्स्थापना केन्द्रमा रहेका प्रत्येक पीडित/प्रभावितहरुलाई निजको परिवार तथा समुदायसँग पुनर्मिलन गराउनु पुनर्स्थापना केन्द्रको दायित्व हुनेछ ।

(२) पुनर्मिलन प्रक्रियामा पुनस्थार्पना केन्द्रहरूले  देहाय बमोजिमको दायित्व बहन गर्नु पर्नेछ :

(क) पीडित/प्रभावितहरूको पारिवारिक पुनर्मिलनको लागि प्रारम्भिक लेखाजोखा गर्ने,

(ख) प्रारम्भिक लेखाजोखाबाट प्राप्त निष्कर्षका आधारमा पीडित/प्रभावितको सर्वोत्तम हितलाई ध्यानमा राखी पारिवारिक पुनर्मिलनको योजना बनाउने,

(ग) पारिवारिक पुनर्मिलनको योजना बनाउदा देहायका प्रक्रियाहरू अवलम्बन गर्ने :

(१) पीडित/प्रभावितलाई पारिवारिक पुनर्मिलनबारे प्रारम्भिक अनुशिक्षण दिने,

(२) पीडित/प्रभावितको सही ठेगाना पत्ता लगाउने,

(३) परिवारसँग भेटघाट गरी पारिवारिक स्थितिको लेखाजोखा र मूल्याङ्कन गर्ने, साथै पुनर्मिलन पश्चात हुन सक्ने जोखिम (पुनःप्रभावित) बारे समेत लेखाजोखा गर्ने,

(४) परिवारका सदस्यलाई अनुशिक्षण र परामर्श दिने, अनुशिक्षण र परामर्श गर्दा आवश्यकता हेरी एक पटक भन्दा वढि जति पटक पनि परामर्श दिने,

(५) पीडित/प्रभावितलाई पारिवारिक स्थिति बारे जानकारी र परामर्श दिने,

(६) पीडित/प्रभावित र परिवारका सदस्यबीच पुनस्थापना केन्द्रमा वा परिवार रहेकै स्थानमा भेटघाटको ब्यवस्था मिलाउने,

(७) सुरक्षित यात्राको लागि तयारी तथा बाटो खर्चको सुनिश्चितता गर्ने,

(८) पीडित/प्रभावितलाई घर परिवारसम्म पुऱ्याउन, बिभिन्न सेवा प्रदायकहरू जस्तै - मनोबिज्ञ, मनोविमर्शकर्ता वा सामाजिक कार्यकर्ता र बालबालिकाका हकमा संरक्षणकर्ता वा संस्थाका अन्य प्रतिनिधिमध्ये प्रभावितले सबैभन्दा बढी विश्वास गरेको ब्यक्तिले घरसम्म पुऱ्याउन प्राथमिकता दिनु पर्ने,

(९) पीडित/प्रभावितलाई छिटो भन्दा छिटो परिवार तथा समुदायमा पुनःएकिकरण तथा पुनर्स्थापना हुन प्रोत्साहन गर्नको साथै उपयुक्त वातावरण बनाउन सहजिकरण गर्ने

४९. **पुनःएकीकरण सम्बन्धि प्रक्रिया :**

(१) प्रत्येक पीडित/प्रभावितहरुलाई आन्तरिक उद्धार तथा विदेशमा उद्धार पछि स्वदेश फिर्ता गरी ससम्मान पुनःएकीकरणमा ल्याउनु सरोकारवाला सबैको दायित्व हुनेछ ।

(२) प्रत्येक पीडित/प्रभावितहरुलाई उद्धारपछि निजको अवस्थाको लेखाजोखा गरी सिधै परिवार वा समुदायमा पुनःएकीकरण / पुनर्स्थापना गर्न सकिन्छ भने सिधै पुनःएकिकरण प्रक्रिया शुरु गर्नु पर्नेछ । अन्यथा पुनर्स्थापना केन्द्रमा सिफारिस गर्नु पर्नेछ वा पुनर्स्थापना केन्द्रको सेवा प्रदान गर्नु पर्नेछ ।

(३) पुनर्स्थापना केन्द्रमा आएका प्रत्येक पीडित/प्रभावितहरुलाई अन्य सेवाहरुको साथसाथै परिवार तथा समुदायमा पुनःएकीकरण सम्बन्धी सेवा प्रदान गर्नु पर्नेछ ।

(४) पुनःएकीकरण प्रक्रिया शुरु गर्दा देहाय बमोजिमको दायित्व बहन गर्नु पर्नेछ :

(क) पीडित/प्रभावितहरूको अवस्था, इच्छा र आवश्यकता अनुसार सबै सरोकारवालाहहरूले परिवार तथा समुदायमा सामाजिक रुपमा पुनःएकीकरण गराउनु पर्नेछ ।

(ख) पुनर्स्थापना केन्द्रले तोकिएको समयभित्र पारिवारिक पुनर्मिलन/पुनःएकीकरण/ पुनर्स्थापना गर्न सम्भव नभएमा तत्कालै पीडित/प्रभावितहरूलाई सामाजिक पुनःएकीकरणका लागि अन्य विकल्पहरू बारे खोजी गर्नु पर्नेछ ।

(ग) पीडित/प्रभावितहरूको इच्छा र आवश्यकता र सम्भावनाहरूलाई ध्यानमा राख्दै सम्भव भएसम्मका पुनःएकीकरणका विभिन्न विकल्पहरू बारे पहल गर्नु पर्नेछ ।

(घ) पारिवारिक तथा सामाजिक पुनःएकीकरणको सिलसिलामा देहायका सिद्धान्तहरूलाई मनन् गर्नु पर्नेछ :

(अ) पीडित/प्रभावितहरूलाई आत्मसम्मानको अनुभूति दिलाउने, पुनः पीडित/प्रभावित हुनबाट बचाउने र समाजमा सुरक्षित एवं सम्मानजनक समावेशीकरणलाई टेवा पुऱ्याउने उद्देश्य सहितको पुनःएकीकरण सहयोग प्रदान गर्ने ।

(आ) उद्धार र स्वदेशफिर्ति भएका पीडित/प्रभावितहरूको लिङ्ग,उमेर, तथा संस्कृति प्रति सम्बेदनशील भई उनीहरूको प्रत्यक्ष सहभागितामा आवश्यकतामा आधारित पुनःएकीकरण योजना बनाउने ।

(इ) उद्धार र स्वदेशफिर्ति भएका पीडित/प्रभावितहरू तथा उनीहरूको परिवार र सेवा प्रदायकहरूलाई बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्तिहरूको धम्कि, त्रास बाट सुरक्षा दिलाउन सुरक्षा निकायका अधिकारीहरू, सेवा प्रदायकहरू, स्थानीय सामुदायिक नेताहरू र समुदायको माध्यमबाट निरन्तर सुरक्षा सम्बन्धी लेखाजोखा गर्ने ।

(ई) उद्धार र स्वदेशफिर्ति भएका पीडित/प्रभावितहरूलाई उनीहरूको कानूनी अधिकार दिलाउन कानूनी परामर्श र सहायता प्रदान गर्ने, दुबै गन्तव्य र श्रोत मुलुकहरूमा कानूनी उपचारको माध्यमलाई निरन्तरता दिने र पीडित/प्रभावितहरूले कानून अनुसार पाउने क्षतिपूर्ति दिलाउने ।

(उ) स्थापित कानूनी प्रक्रिया पुऱ्याएर वा नपुऱ्याएर स्वदेशफिर्ति भएका पीडित/प्रभावितहरूलाई उनीहरूको इच्छामा समानरूपमा सहयोगी सेवामा पहुँच दिलाउने ।

(ऊ) पीडित/प्रभावितहरूले भोगेका पीडाको गहनता, उनीहरूको उमेर र अन्य सरोकारका विषयहरूलाई मध्यनजर गरी दीर्घकालिन रूपमा निरन्तर जारी रहने पुनःएकीकरणको सेवा प्रदान गर्ने ।

(ए) पुनःएकीकरणको प्रक्रियामा आन्तरिक वा द्विपक्षीय कार्यविधिहरूको निर्माण गर्दा आवश्यकताका आधारमा मामलाहरूलाई सुरक्षित र गोप्य तरिका अपनाउने ।

(ऐ) पीडित/प्रभावितहरूको गोपनीयता र सुसूचित स्वीकृतिको सिद्धान्तलाई आदर गर्दै उनीहरूका लागि सम्भव भए सम्मका पुनःएकीकरणका विभिन्न उपायहरू अवलम्बन गर्नु पर्ने । यस क्रममा मनोसामाजिक पुनर्लाभ, मानसिक स्वास्थ्य सहयोग, औपचारिक वा अनौपचारिक शिक्षा र आर्थिक सशक्तिकरणका कृयाकलापहरूलाई निरन्तर जारी राख्ने ।

(ओ) पीडित/प्रभावितहरूलाई पुनःएकीकरण सेवा प्रदानका सिलसिलामा लामो समयसम्म नियमित अनुगमन गर्ने र पुनःएकीकरणको प्रक्रियालाई निरन्तर जारी राख्न अनुगमनका न्यूनतम समयसीमा र मापदण्ड निर्धारण गर्ने ।

(औ) पीडित/प्रभावित बालबालिकाहरू जो आफै परिवारमा फर्कन असमर्थ छन् उनीहरूको सर्बोत्तम हितलाई ध्यानमा राखी विशेष प्रकारको

पुनःएकीकरण योजना बनाउने । यसरी योजना बनाउदा आवासीय वा संस्थागत हेरचाह भन्दा पारीवारिक र सामुदायिक हेरचाहका विभिन्न विकल्पहरू र प्रक्रियालाई मनग्य ध्यान दिने ।

(अं) पीडित/प्रभावितहरूलाई स्रोत मुलुकमा सुरक्षित कानूनी आप्रबासन बारे पुनःएकीकरण कार्यक्रमको माध्यमबाट यथेष्ट सूचना प्रवाह गर्ने ।

५०. **<u>पुनःएकीकरण सम्बन्धी सहायताका किसिमहरू :</u>**

पीडित/प्रभावित व्यक्तिका लागि पुनःएकीकरण प्रक्रिया निर्माण गर्दा निजको अवस्था हेरी देहाय वमोजिमका सेवा/सहायता प्रदान गर्नु पर्नेछ :

(क) स्वास्थ्य हेरचाह र सेवा : पीडित/प्रभावित व्यक्तिको शारीरिक तथा मानसिक स्थितिलाई निरन्तर ध्यानमा राखी स्वास्थ्य उपचारको सेवा निशुल्क र लगातार प्रदान गर्नु पर्नेछ ।

(ख) मनोबैज्ञानिक वा मनोसामाजिक परामर्श : प्रभावित व्यक्तिलाई सामान्य अवस्थामा रहेको भन्ने निश्चित नहुन्जेल सम्म नियमित मनोसामाजिक परामर्श निशुल्क प्रदान गर्नु पर्नेछ ।

(ग) कानूनी सहायता : पीडित/प्रभावित व्यक्तिलाई उद्धार र स्वदेशफिर्ति पछि आवश्यक कानूनी परामर्श तथा सहायता निशुल्क प्रदान गर्नु पर्नेछ ।

(घ) शिक्षा प्रणालीमा समाबेश : पीडित/प्रभावितहरूको उमेर क्षमता र इच्छा अनुसार औपचारीक वा अनौपचारीक शिक्षामा संलग्न गराइ पुनःएकीकरण कार्यक्रमलाई टेवा पुऱ्याउनु पर्नेछ ।

(ङ) सीप मुलक तालिम : पीडित/प्रभावित व्यक्तिको इच्छा र आवश्यकतालाई मध्यनजर गर्दै व्यवहारिक सीपमुलक तालिम प्रदान गर्नु पर्नेछ ।

(च) आर्थिक सहायता : व्यवहारिक सीपमुलक तालिम पश्चात पीडित/प्रभावित व्यक्तिले आफ्नो कुनै व्यवसाय सुरू गर्न इच्छुक भएमा जिल्ला समितिले आफ्नै श्रोतबाट वा अन्य संघ संस्थासँग समन्वय गरी सकेसम्म निर्ब्याजी वा सहुलियत व्याजदरमा ऋणको रूपमा बीउ पूँजी उपलब्ध गराउनु पर्नेछ ।

(छ) रोजगारीको अवसर : पीडित/प्रभावित व्यक्तिको इच्छा र क्षमतालाई मध्यनजर गर्दै स्थानीय निकाय, उद्योग व्यवसायी र अन्य गैरसरकारी संघ संस्थाहरुले प्रदान गर्ने रोजगारीका अवसरहरुमा सेवा प्रदायकले पीडित/प्रभावितको व्यक्तिगत पहिचानलाई गोप्य राखी प्राथमिकता प्रदान गर्नु पर्नेछ ।

**५१. पुनःएकीकरण प्रक्रियामा सुरक्षा चासो :**

(१) पुनःएकीकरणमा संलग्न रहने सेवा प्रदायकहरूले पीडित/प्रभावितहरूको सुरक्षाको लागि स्थानीय निकाय, समुदाय र प्रहरीसँग समन्वय र सहकार्य गरी पीडित/प्रभावित र उनीहरूको परिवारको सुरक्षा स्थितिबारे निरन्तर लेखाजोखा गर्नु पर्नेछ ।

(२) पारिवारिक तथा सामाजिक पुनर्स्थापना वा पुनःएकीकरण भएका पीडित/प्रभावितहरूको सुरक्षा स्थितिबारे आवश्यकता अनुसार अनुगमन गर्नु पर्नेछ ।

**५२. पुनःएकीकरण बारे अनुगमन र मूल्याङ्कन :**

(१) पुनर्स्थापना र पुनःएकीकरणका लागि जिम्मेवार सेवा प्रदायकहरूले पुनर्स्थापना र पुनःएकीकरण भएका पीडित/प्रभावितहरू र निजको परिवारबारे पुनर्स्थापनामा गएको कम्तिमा २ वर्षसम्म प्रत्येक वर्ष कम्तीमा २ पटक अनुगमन गरी अध्यावधिक गर्नु पर्नेछ ।

(२) पुनर्स्थापना र पुनःएकीकरणका लागि जिम्मेवार सेवा प्रदायकहरूले पुनर्स्थापना र पुनःएकीकरण भएका पीडित/प्रभावितहरू र निजको परिवारबारे देहाय अनुसार अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ :

(क) पुनर्स्थापना/पुनःएकीकरण गराउने सरकारी निकाय/ गैरसरकारी संघ संस्था तथा सहयोगी निकायले वार्षिक रुपमा मूल्याङ्कन तथा आवश्यकता अनुसार अनुगमन गर्ने ।

(ख) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय/जिल्ला समितिले कम्तिमा ऐन नियमले तोकिए वमोजिम अनुगमन गर्ने ।

**५३. अभिलेखीकरण :**

पुनर्स्थापना केन्द्रले पुनर्स्थापना केन्द्रबाट पुनर्मिलन तथा पुनःएकीकरण भई गएका पीडित/प्रभावित व्यक्तिको अभिलेख दफा ४७ बमोजिम अद्यावधिक राखी निजको व्यक्तिगत फाइलमा जनाइ राख्नु पर्नेछ ।

# अनुसूचीहरु

# अनुसूचि : १

## उद्धार गरिएका पीडित/प्रभावित व्यक्तिहरूको अभिलेख फारम

| पीडित/प्रभावित व्यक्तिको नामः......................... कोड नं.:............ |
|---|

सूचना संकलन गर्ने निकाय वा संस्थाको नाम : ............................................

निकाय वा संस्थामा पहिलो जानकारी प्राप्त भएको मिति :..........................अभिलेखीकरण मितिः..........

सूचना संकलन गर्ने व्यक्तिको नाम : पदः

**पीडित/प्रभावित व्यक्तिको विवरण**

**ब्यक्तिगत विवरण** **कोड नं.:**..............

उपनामः(यदि भएमात्र) ............. लिङ्ग :..........................

जन्म मितिः................................ उमेर :................................ शैक्षिक अवस्था :.............

जात/जातियताः.......................... धर्म :............................... पेशाः............................

वैवाहिक स्थितिः...................... विवाहित भए श्रीमान्/श्रीमतिको अवस्थाः................

विवाहित भए विवाह भएको उमेरः..............विवाहित भए बच्चाबच्ची छ /छैन :......... छन् भने कतिः.....

वुवाको नाम :.............................. पेशाः............................ हालको अवस्थाः....................

आमाको नाम :.............................. पेशाः............................ हालको अवस्थाः....................

अभिलेखीकरण गरिएको स्थान (ठेगाना) :..................................

उद्धार गरिएको स्थान (ठेगाना) :..................................

स्थाई ठेगाना :जिल्लाः........................... गा.वि.स./न पाः...................... वडा न.:............

बेचबिखन वा ओसारमा पर्नु अघि बसोवास गर्ने गरेको ठेगानाः..............................

माथि उल्लेखित बाहेक अन्य कुनै अस्थाई बसोवासको ठेगाना भएः.......................

**घटना बारे संक्षिप्त विबरण**

बेचबिखन वा ओसारमा पर्नु अघि घटेका घटनाको विवरणः (घरायसी घटना लगायत धकेल्ने (push)तत्वहरू, कसरी , को को बाट के के भनेर बसोवास गरेको क्षेत्र छोडेको) .............................................................

........................................................................................................................

........................................................................................................................

बेचबिखन वा ओसारमा परेको थाहा हुँदाको अवस्थाः(कसरी बेचबिखन वा ओसारमा परेको थाहा भयो, कस्तो अनुभव, अरूको ब्यवहार, थाहा हुदाको स्थान)

...........................................

............................................

बेचबिखन वा ओसारमा परेपछि भोगेका घटनाको विवरणः( बेचबिखन वा ओसारमा परेको थाहा भए पछि हालसम्मको विवरण) ........................................................................................................................

.......................................................................................

निकाय वा संस्थामा आउनुको माध्यम :

उद्धारपछि सम्प्रेषण गरिएको निकाय वा संस्था :

अभिलेख तयार गर्नेको हस्ताक्षर अभिलेख प्रमाणित गर्नेको हस्ताक्षर

# अनुसूचि : २

स्वदेशफिर्ति गरिएका पीडित/प्रभावित व्यक्तिहरूको अभिलेख फारम

| **पीडित/प्रभावित व्यक्तिको नाम:.........................   कोड नं.:............** |
|---|

सूचना संकलन गर्ने निकाय वा संस्थाको नाम : .............................................

निकाय वा संस्थामा पहिलो जानकारी प्राप्त भएको मिति :..........................अभिलेखीकरण मिति:..........

सूचना संकलन गर्ने व्यक्तिको नाम :.......................................   पद:......................

**पीडित/प्रभावित व्यक्तिको विबरण**

**व्यक्तिगत विवरण**   **कोड नं.:..............**

उपनाम:(यदि भएमात्र) .............   लिङ्ग :.........................

जन्म मिति:................................   उमेर :................................ शैक्षिक स्थिति :.............

जात/जातियता:..........................   धर्म :.............................. पेशा:............................

वैवाहिक स्थिति:......................   विवाहित भए श्रीमान्/श्रीमतिको अवस्था:...............

विवाहित भए विवाह भएको उमेर:..............विवाहित भए बच्चाबच्ची छ /छैन । छन् भने कति: १वच्चा .....
२.वच्ची ......

वुवाको नाम :..............................   पेशा:............................ हालको अवस्था:....................

आमाको नाम :..............................   पेशा:............................ हालको अवस्था:....................

अभिलेखीकरण गरिएको स्थान (ठेगाना) :..................................

उद्धार गरिएको स्थान (ठेगाना) :..................................

स्थाई ठेगाना :जिल्ला:...........................  गा.वि.स./न पा:......................   वडा न.:............

बेचबिखन वा ओसारमा पर्नु अघि बसोवास गर्ने गरेको ठेगाना:..............................

माथि उल्लेखित बाहेक अन्य कुनै अस्थाई बसोवासको ठेगाना भए:.......................

घटना बारे संक्षिप्त विबरण :.......................................................................................
..............................................................................................................
..............................................................................................................

स्वदेशफिर्ति गरिएको स्थान :

स्वदेशफिर्ति पछि सम्प्रेषण गरिएको निकाय वा संस्था :

अभिलेख तयार गर्नेको हस्ताक्षर   अभिलेख प्रमाणित गर्नेको हस्ताक्षर

**महिलाको सवालमा प्रत्यक्ष सम्वन्धित प्रचलित महासन्धि, कानुनहरू तथा राष्ट्रिय कार्ययोजनाहरू**

- महिला विरूद्व हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, (CEDAW) १९७९
- महिला विरूद्व हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको ईच्छाधिन आलेख, १९९९
- महिला तथा बिकास सम्वन्धि अन्तर्राष्ट्रिय सम्मेलन १९९५ बेजिङ्ग (१२ सरोकारको क्षेत्र (BPFA)
- बेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउमास्ने बेच्ने काम रोकथाम गर्ने र सो बिरूद्ध संघर्ष गर्ने सम्वन्धि सार्क (SAARC) महासन्धि, २००२
- लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न वनेको ऐन, २०६३
- राष्ट्रिय महिला आयोग ऐन, २०६३
- मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र नियमावली, २०६७
- लैङ्गिक हिंसा (निवारण) कोष नियमावली, २०६७
- श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स वार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५
- छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६३
- पुर्नस्थापना केन्द्र संचालन निर्देशिका, २०६८
- पुनर्स्थापना कोष संचालन निर्देशिका, २०६८
- मानवबेचबिखन तथा ओसारपसारबाट पिडित प्रभावित हरूको संरक्षण र हेरचाह सम्वन्धि राष्ट्रिय न्युनतम मापदण्ड, २०६८

**राष्ट्रिय कार्ययोजनाहरू**

- महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको (CEDAW) कार्यान्वयन सम्वन्धी राष्ट्रिय कार्ययोजना, २०६०
- लैंगिक समानता र महिला सशक्तीकरण, राष्ट्रिय कार्ययोजना, २०६१
- लैगिंक हिंसा विरूद्धको राष्ट्रिय कार्ययोजना (सन् २०१०)
- संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्वर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७।६८-०७१।७२)
- मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिका बेचबिखन बिरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८